का.जि.प्र.का.द.नं. १००/०५२/६०
२६ साउन २०८३
मंगलबार
11 August 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २०१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

सुनकोशीमा बग्यो ५० बर्से पिरती

तीर्थ-व्रत होस् वा विवाहभोजका समारोहदेखि अस्पतालसम्म, उनीहरू जहाँ जाँदा पनि सँगै हुन्थे। गाउँघरमा पराजुलीको जोडीलाई 'कहिल्यै नछुट्ने जोडी'का रूपमा सबैले चिन्थे। अन्ततः उनीहरू नछुट्टिएरै सुनकोसीमा हराए।

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २५ साउन

काभ्रे मण्डनदेउपुर नगरपालिका-७ कुन्तावेशीका केदारनाथ पराजुली र तिलककुमारी पराजुलीको दाम्पत्य जीवन राम्रैसँग चलेको थियो। हरेक सुख-दुःखमा उनीहरू सँगै हुन्थे। कृषि पेसामा उनीहरू सन्तुष्ट थिए। तीर्थव्रत होस् वा विवाहभोजका समारोहदेखि अस्पतालसम्म, उनीहरू जहाँ जाँदा पनि सँगै हुन्थे। गाउँघरमा पराजुलीको जोडीलाई 'कहिले नछुट्ने जोडी'का रूपमा सबैले चिन्दथे। अन्ततः उनीहरू नछुट्टिएरै सुनकोशीमा हराए।

पराजुली दम्पतीले ५० वसन्तभन्दा बढी समय साथै बिताए। बोनम्यारो सम्बन्धी क्यान्सररोग र बुढ्यौली उमेर नआएको भए उनीहरू अझै केही समय सँगै हुने थिए। २०८१ सालमा श्रीमती तिलककुमारीलाई बोनम्यारोसम्बन्धी क्यान्सर देखियो। त्यसयता केदारनाथले निरन्तर श्रीमतीको उपचार र हेरचाह गर्दै आएका थिए। परिवार आर्थिक रूपमा कमजोर थिएन। तर, जति उपचार गरे पनि श्रीमती गल्दै गइन् र शरीरको एक भाग सुक्दै गयो। उनलाई झन् धेरै स्याहारसुसारको आवश्यकता पर्न थाल्यो।

नदीमा हामफाल्नुभन्दा ठीक एक हप्ता पहिले केदारनाथ स्वयंको स्वास्थ्यमा समस्या देखियो। डाक्टरले तत्कालै प्रोस्टेटको अप्रेसन गर्नुपर्ने र केही समय आराम गर्न »» पृष्ठ २ मा

सार्वजनिक सेवामा सास्ती जतातै लाइन

सरकारी अस्पतालका ओपिडी काउन्टर, पासपोर्ट विभाग र यातायात कार्यालयमा सोमबार पुग्नुभएको छ ? जहाँ बिहानैदेखिको लामो लाइनले सेवाग्राही सास्तीमा छन्।

दुईदिने बिदाले भद्रगोल

सरकारले गत चैत २३ गते देखि लागू हुनेगरी शनिबार र आइतबार बिदा दिने निर्णय गरेको थियो। २२ चैतको मन्त्रिपरिषद् बैठकले २३ गतेदेखि नै लागू हुनेगरी सरकारी कार्यालय र शैक्षिक संस्थामा सातामा दुई दिन बिदा दिने निर्णयले नागरिकका अत्यावश्यकीय सेवा प्राप्त गर्ने सबैजसो कार्यालयमा सोमबार र शुक्रबार भिड बढाएको छ।

पेट्रोलियम आपूर्तिमा उत्पन्न असहजताका कारण सरकारले इन्धनमा खर्च घटाउन साताको दुई दिन बिदा दिने निर्णय गरेको थियो। नागरिकलाई सहज र सरल सेवा दिने »» पृष्ठ २ मा

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, २५ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो चुनावी वाचामै भनेको थियो- 'सार्वजनिक सेवा सहज, छिटो र डिजिटल बनाइने छ।' वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वमा सरकार गठन भएकै दिनबाट 'लाइन होइन, अब सबै सेवा अनलाइनबाटै' भन्ने नारा लाग्यो। तर, अत्यावश्यकीय सेवा प्रदान गर्ने कार्यालयमा सेवाग्राहीको लाइन लामो हुँदै गएको छ। चार महिनामा सरकारले केही »» पृष्ठ २ मा

सिभिल अस्पतालमा बिहान ५:४५ बजेको दृश्य।

तस्बिर : अर्जुन पोखरेल

वैदेशिक रोजगार विशेष

१५ बुँदे मागसहित व्यवसायीद्वारा ताहाचलमा शान्तिपूर्ण प्रदर्शन

मध्यान्ह संवाददाता
काठमाडौं, २५ साउन

वैदेशिक रोजगार क्षेत्रसँग सम्बन्धित १५ बुँदे माग पूरा गर्न दबाब दिँदै वैदेशिक रोजगार व्यवसायीहरूले सोमबार राजधानीको सोल्टीमोडदेखि वैदेशिक रोजगार विभाग, ताहाचलसम्म प्रदर्शन गरेका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा भएको प्रदर्शनमा व्यवसायीहरूले वैदेशिक रोजगार क्षेत्र सुधारका विभिन्न नारा अंकित प्लेकार्ड बोकेका थिए।

इजाजतपत्रवाला संस्थाहरूलाई विभागले गरेको कारबाही, वैदेशिक रोजगार क्षेत्रमा देखिएका विकृति तथा गलत गतिविधिहरूको अन्त्य, नेपाली श्रमिक तथा व्यवसायीका हकहितसँग सम्बन्धित नीतिगत सुधारका ब्यानर र प्लेकार्ड प्रदर्शन

गरिएको थियो। व्यवसायीहरूले सोमबार वैदेशिक रोजगार विभाग, ताहाचलमा शान्तिपूर्ण प्रदर्शन सम्पन्न भएको भन्दै माग पूरा नभएसम्म आन्दोलनका कार्यक्रम जारी रहने बताएका छन्। प्रदर्शनको नेतृत्व गरेका संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले रेमिट्यान्सका संवाहक वैदेशिक रोजगार व्यवसायीलाई »» पृष्ठ २ मा

एसोसिएसनको स्वागत र ध्यानाकर्षण

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले वैदेशिक रोजगार क्षेत्रमा रहेका विभिन्न समस्याबारे युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव डा. दीपक काफ्लेको ध्यानाकर्षण गराएको छ। एसोसिएसनका कार्यवाहक अध्यक्ष सुवर्ण लामाको नेतृत्वमा गएको व्यवसायी टोलीले वैदेशिक रोजगार व्यवसायी र श्रमिकहरूको हकहित, अधिकार तथा सुरक्षाका लागि ध्यानाकर्षण गराएको हो।

एसोसिएसनले साउदी अरेबियाको सीप परीक्षण प्रोग्राम (एसभिपी) सञ्चालन गर्ने संस्था सिलबन्दी गर्ने सरकारको कदमप्रति धन्यवाद ज्ञापन गर्दै त्यसमा संलग्न जो-कोहीलाई कडा भन्दा कडा कारबाही गर्न माग गरेको छ। एसोसिएसनको »» पृष्ठ २ मा

NAIMA NEPAL mobility Expo' 2026
Nepal's Largest Auto Expo

55+ BRANDS
40+ LAUNCHES

AUGUST 11TH - 16TH, 2026
SHRAWAN 26TH - 31ST, 2083

BHRIKUTIMANDAP, KATHMANDU

FREE PARKING
FREE LEARNING SESSIONS

TICKETS ARE LIVE ON
khalti by IME

SCAN QR TO BUY TICKETS

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सरकार र मृतक मेहताको परिवारबीच सातबुँदे सहमति

काठमाडौं/मस– सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगन्जमा यही साउन १० गते भएको घटनामा मृत्यु भएका रवीन्द्रकुमार मेहताको परिवार र सरकारबीच सातबुँदे सहमति भएको छ। मेहताका अभिभावक र नेपाल सरकारका गृहमन्त्री सुधन गुरुङबीच सोमबार भएको सहमतिअनुसार मेहतालाई सहिद घोषणा गर्ने प्रक्रिया तत्काल अघि बढाउने सहमति भएको छ।

सहमतिमा साउन १० गते राति देवानगञ्ज-३, कसानगन्जमा भएको घटनाको निष्पक्ष र प्रभावकारी छानबिन गरी दोषीउपर प्रचलित कानुनबमोजिम आवश्यक कारबाही तत्काल अघि बढाउने उल्लेख छ । देवानगन्ज-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयमा आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने सहमति भएको छ।

सहमतिपत्रमा सरकारले मृतकका परिवारका एकजना योग्य सदस्यलाई रोजगारी उपलब्ध गराउन आवश्यक पहल गर्ने उल्लेख छ । घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिस प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्न आवश्यक प्रक्रिया अघि बढाउने पनि सहमतिमा उल्लेख छ।

नेपाल सरकारले मृतकको शव नेपाली सेनाको हेलिकोप्टरमार्फत देवानगञ्ज गाउँपालिका-३ सुनसरी लैजाने व्यवस्था गरी मृतकको दाहसंस्कार गर्ने सहमति गरेको छ । घटनामा मृत्यु भएका तीनजनाको सम्झनामा गाउँपालिकाको उपयुक्त क्षेत्रमा स्थानीय सरकारसँगको समन्वयमा यसै वर्ष बजेट विनियोजन गरी स्मृति पार्क निर्माण गर्ने सहमति भएको छ।

सुनकोशीमा....

सुझाव दिए । तर, आफ्नै स्वास्थ्य सुधारका लागि डाक्टरले दिएको यो सुझाव केदारनाथको मनमा गहिरो चोट बनेर बिझ्यो । उनी आफैं अप्रेसन गरेर आराम गर्ने भएपछि बिरामी श्रीमतीको हेरचाह कसले गर्ला ? सम्भवत: यही चिन्ताले उनलाई सतायो । त्यसैले उनी तत्काल अप्रेसन नगर्ने र औषधि खाएर बस्ने भन्दै अस्पतालबाट फर्किए ।

'पत्नी बिरामी हुँदाहुँदै पराजुली आफैं पनि बिरामी परेछन्। अप्रेसन गर्नुपर्छ भनेपछि उनी मानसिक रूपमा विक्षिप्त भएको अनुमान हामीले गरेका छौं,' मण्डनदेउपुर वडा नम्बर ७ का वडाध्यक्ष विष्णुप्रसाद पौडेलले मध्यान्हसँग भने, 'पराजुली दम्पतीमा असाध्यै राम्रो प्रेम थियो । जहाँ जाँदा पनि छुटिनुहुन्थ्यो । पारिवारिक कलह भएको पनि हामीलाई थाहा छैन।'

परिवारका सबै सदस्य आ-आफ्नो काममा व्यस्त हुने हुँदा उनीहरू एकअर्काको सहारा बनेका थिए ।

पराजुली दम्पती घरमा एक्लै भने थिएनन्। उनीहरू छोराबुहारी, नाति र नातिनीसँगै बस्दै आएका थिए । घरमा केदारनाथकी ९४ वर्षीया वृद्ध आमा पनि छिन् । तीन छोरीहरू छन्, जसले राम्रो गृहस्थी चलाइरहेका छन् । एक छोरा कृषि गर्छन् भने बुहारी सामुदायिक विद्यालयमा शिक्षक छिन् । नाति अस्ट्रेलियामा छन् र नातिनी पनि युरोप जाने तयारीमा छिन्। यति भरिपूर्ण परिवारमा भए पनि पराजुली दम्पतीले आफूहरू एक्लिँदै गएको महसुस गरे । त्यसमा पनि दीर्घरोगी श्रीमती र आफू पनि बिरामी परेपछि अन्ततः कठोर निर्णय गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानमा देखिएको छ।

अस्पताल वा अन्य कामका लागि प्राय: प्रयोग गर्दै आएका ट्याक्सी चालकलाई केदारनाथले २० साउनमा श्रीमतीलाई अस्पताल लैजाने भन्दै बोलाए । घरमा अरू कोही नभएको मौका पारेर श्रीमतीलाई उपचारमा लैजाने भन्दै उनी ट्याक्सीमा बसे । पराजुलीकी ९४ वर्षीया आमा बुहारी तिलककुमारीको मुख हेर्न मन लागेको भन्दै त्यही बेला घर पुगेकी थिइन् । काकाकी छोरीले पनि उनीहरूलाई देखेकी थिइन् । उनी पनि सँगै अस्पताल जाने भन्दै पछि लागेकी थिइन्। तर, केदारनाथले मानेनन् र श्रीमतीलाई मात्र ट्याक्सीमा हालेर घरबाट हिँडे ।

चालकले गाडी अस्पतालतिर सोझ्याउँदै थिए । तर, केदारनाथले बाटोमै रोकेर भुस्लु गाउँपालिका-८ दोलालघाटस्थित दुलालेश्वर महादेव मन्दिरमा पहिले श्रीमतीलाई दर्शन गराएर मात्र अस्पताल जाने भन्दै झुक्याए। मन्दिरको दर्शन गर्ने र धामीलाई देखाउन समय लाग्ने भन्दै उनले चालकलाई ट्याक्सी भाडासमेत दिएर पठाए । ट्याक्सी चालक केही समयपछि अस्पताल लैजान लिन आउने भन्दै त्यहाँबाट हिँडे ।

ट्याक्सी गएपछि पराजुलीले क्यान्सरपीडित श्रीमतीलाई पिठ्युँमा बोके र कतै नरोकिई सिधै नदीतिर लागे । वडाध्यक्ष पौडेलका अनुसार, मन्दिरबाट नदीसम्म पुग्न पैदल करिब १० मिनेट लाग्छ। श्रीमतीलाई बोकेर केदारनाथ हिँड्न सकुन्जेलसम्म नदीको किनारैकिनार हिँडेका थिए । भँगालो आएपछि पानीमा हेलिए । केदारनाथले श्रीमती तिलककुमारीलाई पिठ्युँमा बोकेर दोलालघाट पुऱ्याएको दृश्य मन्दिरनजिकैको सिसिटिभी फुटेजमा समेत स्पष्ट देखिएको छ । ट्याक्सी चालक मन्दिरमा लिन आउँदा पराजुली दम्पती त्यहाँ थिएनन् । उनीहरू न घर पुगेका थिए, न त अस्पताल नै । एकैपटक उनीहरू सुनकोसीमा हाम्फालेको खबर फैलियो । खबर पाउनेबित्तिकै प्रहरी चौकी पाँचखालका प्रमुख प्रहरी निरीक्षक मनराज बानियाँको प्रहरी टोलीले खोजी सुरु गरेको थियो ।

खोजीका क्रममा श्रीमती तिलककुमारीको शव फेला पऱ्यो। तर, श्रीमान् केदारनाथ फेला परेन। सोमबार तिलककुमारीको शवसँगै केदारनाथको पनि कुशको शव बनाएर धार्मिक संस्कारअनुसारसँगै अन्त्येष्टि गरिएको वडाध्यक्ष पौडेलले बताए ।

पराजुली दम्पतीले सँगै नदीमा हामफाल्नुको कारण आर्थिक अभाव भने नभएको वडाध्यक्ष पौडेल बताउँछन् । 'वडावासी भएका कारण म उहाँहरूको बारेमा राम्रोसँग जानकार छु,' उनले मध्यान्हसँग भने, 'उहाँहरू सामाजिक पहिचान भएको परिवार हो। परिवार आर्थिक रूपमा सक्षम नै छ । उपचार गराउन नसक्ने अवस्था बिल्कुलै होइन। दीर्घरोग र बृद्धयौलीको चिन्ताले अप्रिय कदम चालेको देखिन्छ।'

सार्वजनिक...

प्रविधिमैत्री कामको थालेको पनि छ । अनलाइन सेवासँगै घरदैलोसम्मै नागरिकता र पासपोर्ट पुऱ्याउने लोकप्रिय नारा पनि दिएको छ । तर, अधिकांश लोकप्रिय काम सुरु नहुँदै अलपत्र परेका छन् । जसका कारण सार्वजनिक सेवा प्रवाह हुने अधिकांश कार्यालय र निकायमा सेवाग्रारीको भिड थामिनसक्नु बढेको छ।

चुनावी वाचाअनुसार, सरकारले साउन १ देखि यातायात व्यवस्था विभागका सबै काम अनलाइनबाटै गर्ने घोषणा गरेको थियो। आवश्यक प्राविधिक संरचनाबिनै घोषणा गरेको उक्त योजनाबाट नागरिक थप मारमा परेका छन्। सवारीचालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) को आवेदन, नवीकरण र राजस्व भुक्तानीलाई पूर्ण रूपमा अनलाइन प्रणालीमा लगेको बताए पनि व्यावहारिक रूपमा काम भएको छैन। सरकारले घोषणा मात्रै गर्ने र नागरिकलाई लाइनमा पर्खाएर सेवा नदिने सरकारको कार्यशैली नागरिकमैत्री नभएको सेवाग्राही बताउँछन् । सवारीचालक अनुमतिपत्रको परीक्षाका लागि फारम भर्न साउन पहिलो हप्तादेखि पर्खंदा पनि अनलाइन सेवाबाट काम नभएको सिन्धुलीका अशोकराज घिमिरेले बताए। उनले भने, 'म यो सरकारको समर्थक पनि हुँ, र सेवाग्रही पनि। तर, मैले सरकारले भनेअनुसार लाइसेन्सका लागि अनलाइनबाट फारम भर्न पाइनँ । कार्यालयमा बुझ्दा प्राविधिक समस्या देखाउँछन्।'

यातायात कार्यालयले नागरिकलाई सहज सेवा दिन नसकेको विषयमा यातायात कार्यालयले भने सर्भर सिस्टम नै बिग्रिएको प्रस्टीकरण दिएको छ। कार्यालयले दिने सेवाका कुनै पनि काम सहज रूपमा हुन नसकेको कर्मचारीहरूले समेत स्वीकार गरेका छन्। यातायात कार्यालय भक्तपुरका एक कर्मचारीले भने, 'ब्लु बुक नवीकरणबाहेक लाइसेन्सको काममा खासै प्रगति भएको छैन।'

सेवाग्राहीले राष्ट्रिय परिचयपत्र वा नागरिक एपमा रहेको क्युआर कोड स्क्यान गरी आवेदन फारममा आफ्ना व्यक्तिगत विवरण स्वत: भर्न सक्ने भनिएको छ। यससँगै लाइसेन्स आवेदन, नवीकरण र राजस्व भुक्तानीका लागि कार्यालय धाउनुपर्ने झन्झटको अन्त्य भएको सरकारले जनाएको थियो । अनलाइन सेवाका लागि विभागले प्रदेशअनुसार फरकफरक वेब पोर्टलहरू निर्धारण गरेको छ। सम्बन्धित प्रदेशका सेवाग्राहीले सोहीअनुसार लिंक क्लिक गरेर आवेदन दिन सक्ने व्यवस्था मिलाएको यातायात व्यवस्था विभागका सूचना अधिकृत केशव खतिवडाले बताए। 'हामीले राष्ट्रिय सम्बन्धित व्यक्तिको परिचयपत्र वा नागरिक एपमा रहेको क्युआर कोड स्क्यान गरी आवेदन फारममा आफ्ना व्यक्तिगत विवरण स्वत: भर्न सक्ने व्यवस्था गरेका छौं । केही प्रविधिक समस्या देखिएकाले त्यसको निराकरण गर्ने प्रयास पनि भइरहेको छ।' तर, विभागले भने अनुसार नागरिकले सेवा पाउन नसकेर हैरान छन्।

यातायात व्यवस्था कार्यालयका अर्का एक अधिकारीले भने, 'सिस्टम नै बिग्रिएर केही काम भएको छैन, ब्लुबुक नवीकरण बाहेक लाइसेन्सको काम थोरै मात्रै सेवाग्राहीको भएको छ, धेरैको छैन ।' अनलाइन सेवाका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ । त्यसकारण पनि समस्या थपिएको कार्यालयले जनाएको छ । उता राष्ट्रिय परिचयपत्र बनाउने निकायमा समेत लामो लाइनमा लाग्नुपर्दा एउटै सेवाग्रहीले एउटै कामका लागि दुईवटा भन्दा बढी निकायमा लाइन लाग्नुपर्ने बाध्यता भएको छ।

'राष्ट्रिय परिचयपत्र (एनआइडी)का कारणले गर्दा यातायात व्यवस्था कार्यालयबाट प्राप्त हुने सेवाको काम पूर्ण रूपले हुन सकेको छैन,' ती अधिकारीले भने, 'अनलाइन सेवाग्राहीले प्रक्रिया छिरेपछि कहाँ अड्किन्छ त्यसपछि मात्रै थाहा हुने हुँदा प्राविधिक समस्याका बारेमा यसै भन्न सकिन्न ।' कतिपय काम लामो समय पेन्डिङमा रहँदा कार्यालयमा समेत भिडभाड बढेको उनले बताए ।

अनलाइन प्रणालीको विकास गरे पनि दक्ष कर्मचारी, उपयुक्त साधनस्रोत र उपकरण नहुँदा सेवाप्रवाहमा ढिलासुस्ती भई सर्वसाधारण मारमा परेका बताइएको छ। नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र, जन्मदर्ता, विवाह दर्ता, सम्बन्धविच्छेद, मृत्यु दर्ता, खानेपानी र बिजुलीको महसुल, कर र मालपोत भुक्तानी गर्नका लागि सर्वसाधारणले बिचौलिया प्रयोग गर्नुपर्ने बाध्यताको अन्त्य गर्ने सरकारको रणनीति सफल हुन सकेको देखिँदैन ।

राहदानी विभागले आवेदन फारममा उल्लेख भएको मिति र समयमा मात्रै उपस्थित हुन सबै सेवाग्राहीलाई अनुरोध गरेको छ । राहदानी लिनका लागि सेवाग्राहीको भिड विभागमा लागेपछि आवेदनमा राखेको मितिमा उपस्थित हुन सूचना जारी गरेको विभागले जनाएको छ । केही दिनदेखि राहदानी लिनका लागि विभागमा अत्यधिक भिडभाड बढेको छ । कतिपय प्राविधिक समस्या र आवेदनमा उल्लेखित समयभन्दा छिटो गरी आवेदकहरू विभागमा आउने गरेको हुँदा पनि भिड बढ्न पुगेको विभागले जानाएको छ ।

सरकारले सर्वसाधारणलाई चुस्तदुरुस्त सेवा उपलब्ध गराउने भनेर अनलाइन सेवा विस्तार गरे पनि उक्त सेवा सर्वसाधारणको पहुँचभन्दा बाहिर गएको गुनासो बढेको छ । सर्वसाधारणलाई अनलाइन सेवा अनाहकको भारी भएको सम्बन्धित कार्यालयका पुराना कर्मचारीले नै बताउँदै आएका छन् । सरकारले यसअघि राष्ट्रिय परिचयपत्र, लाइसेन्सलगायत कागजात हुलाकमार्फत घर-घरमा पुऱ्याउने सेवा विस्तार गरेको थियो । उक्त कार्यक्रमसमेत प्रभावकारी देखिएको छैन ।

सार्वजनिक...

नाममा विभिन्न सरकारले केही नयाँ व्यवस्था गर्न खोजे पनि अन्ततः असफल भएका उदाहरण छन् । केपी ओली सरकारले अत्यावश्यक सेवाप्रवाह हुने मालपोत, जिल्ला प्रशासन, यातायात लगायत कार्यालयमा बिहान, दिउँसो र साँझको सेवासमेत चलाएर नागरिकको मन जित्न खोजेको थियो । उक्त व्यवस्था व्यावहारिक नभएपछि फिर्ता भयो। बालेन सरकारले पनि नागरिकको सेवा प्रवाहलाई मुख्य एजेन्डा बनाएको छ। तर, सातामा दुईदिने बिदाले सेवाग्राहीलाई अप्ठ्यारो भइरहेको छ। मध्यपूर्वको युद्ध मत्थर भएकाले यो निर्णय पुनर्विचार गर्न दबाब बढेको छ।

इन्धन आपूर्तिमा उत्पन्न असहजताका कारण सरकारले इन्धनमा खर्च घटाउन साताको दुई दिन बिदा दिने निर्णयले खर्च घटाएको सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलले दाबी गर्दै आएका छन् । कर्मचारीहरूका लागि घुमफिरको सहुलियत हुने र फ्रेस भएर काममा फर्कंदा बाँकी पाँच दिन राम्रोसँग सेवा प्रवाह गर्ने सरकारको सोच र अन्तर्राष्ट्रिय प्राक्टिसअनुसार दुईदिने बिदाले सकारात्मक प्रभाव पार्ने सरकारको दाबी छ । तर, व्यवहारत: यो अभ्यासले सेवग्राहीलाई सास्ती थपेको छ । स्वास्थ्य क्षेत्रमा दुई दिन बिदाले सबैभन्दा ठुलो समस्या आएको देखिन्छ । अस्पतालहरूमा बिहान ५-६ बजे नै गएर टिकटका लागि लाइन बस्न बाध्य छन् ।

अस्पताल, राहदानी विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जीरणका काम गर्ने कार्यालय, जिल्ला प्रशासन, कृषि कार्यालय, स्वास्थ्य कार्यालयमासेवाग्राहीको लामो लाइन लाग्न थालेको छ । दुईदिने बिदाका कारण सोमबार अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको सिभिल अस्पतालका कर्मचारीहरू बताउँछन् । त्यस्तै, यातायात कार्यालयसहित अन्य सरकारी कार्यालयमा एकैपटक भिड बढ्दा कर्मचारीलाई समेत काम गर्न अत्यास हुने गरेको कर्मचारीहरू बताउँछन् । अस्पतालगायत कार्यालयमा सेवाग्राहीको भिड बढ्नुको अर्को मुख्य कारण अनालाइन सिस्टम (सर्भर) राम्रोसँग नचल्नु पनि हो ।

अधिकांश ठुला अस्पतालका ओपिडी टिकट काउन्टरमा बिरामीको खचाखच भिड लागेका छन्। अस्पतालकै अर्को काउन्टरमा स्वास्थ्य बिमाको फाइल बोकेका वृद्धवृद्धाको लाइन देखिन्छ भने डाक्टरलाई रिपोर्ट देखाउन लागेका बिरामीको छुट्टै लाइन त्यत्तिकै लामो छ । बिहानदेखि साँझसम्म पालो नपाएर कतिपय बिरामी दिनभर लाइन बसेर डाक्टर नभेटी घर फर्कन बाध्य छन् । जताततै देखिएको सेवाग्राहीको 'लाइन'ले सरकारको 'अनलाइन' सेवाको नारा उदांगो पारिदिएको भन्दै सदनदेखि सडकसम्म सरकारको आलोचना भइरहेको छ। सरकारले डिजिटल सेवा र अनलाइन प्रणाली विस्तारको घोषणा गरिरहँदा संघीय राजधानीमै जताततै देखिएका यी लाइनले सरकारलाई नै गिज्याइरहेको राप्रपाका सांसद ज्ञानेन्द्र शाहीले बताए ।

१५ बुँदे...

विभागले कारबाहीका नाममा हतोत्साहित गर्ने र सेवा शुल्क परिमार्जनको विषयमा अनावश्यक रूपमा ढिलाइ गर्ने सरकारी प्रवृत्तिविरुद्ध व्यवसायी सडकमा आएको बताए । संघले उठाएका माग वैदेशिक रोजगार क्षेत्र सुधारका लागि अति जरुरी रहेको भन्दै अध्यक्ष खत्रीले माग पूरा गर्न ढिलाइ गरिएमा राष्ट्रकै लागि क्षति हुने दाबीसमेत गरे ।

प्रदर्शनपछि संघले आफ्ना १५ सूत्रीय माग विभागकी महानिर्देशक मिरा आचार्यलाई बुझाएको छ । ज्ञापनपत्रमा व्यवसायीलाई प्रशासनिक झन्झट दिने निर्णयहरू तत्काल सुधार गर्न आग्रह गरिएको संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिए ।

संघले आन्दोलनको निरन्तरतास्वरूप मंगलबार कालोपट्टी बाँधेर काम गर्ने निर्णय गरेको छ। संघको निर्णयअनुसार म्यानपावर कम्पनीका सबै कर्मचारीले कालोपट्टी बाँधेर काम गर्ने र संघ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले संघको कार्यालयमा उपस्थित भएर कालोपट्टी बाँधेर काम गर्नेछन् ।

विभागमा प्रदर्शनपछि सोमबार साँझ बसेको संघ कार्यसमिति बैठकले विभागमा भएको प्रदर्शनमा व्यवसायीको सहभागिता र सक्रियता उत्साहजनक रहेको समीक्षा समेत गरेको छ । सोमबार ५ सय व्यवसायीको उपस्थिति रहेको र हालसम्म ८ सय व्यवसायीले श्रम स्वीकृति नलिने प्रतिबद्धता जनाएको संघका महासचिव हिराबहादुर डाँगीले जानकारी दिए ।

संघले नीतिगत सुधार गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने भन्दै भदौ १ गतेदेखि श्रमिक नउडाउने निर्णय गरेको छ । संघको कार्यक्रममा नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघलगायतका संस्थाहरूले ऐक्यबद्धता जनाएको बताएका छन् ।

संघले नीतिगत सुधारबिना वैदेशिक रोजगार क्षेत्रलाई व्यवस्थित, मर्यादित, सम्मानित, पारदर्शी र दिगो बनाउन सम्भव नभएको भन्दै विशेष परिस्थितिमा सरकारको निर्णय मान्दा विभिन्न मितिमा ७६१ म्यानपावर कम्पनीलाई विभागद्वारा गरिएको कारबाही अविलम्ब फिर्ता, सेवा शुल्क परिमार्जन र हवाई भाडामा भ्याटमा छुटका मुख्य मागमा सरकारले ठोस काम गर्नुपर्ने अडान पनि राखेको छ। श्रमिकको लागत खर्च निर्धारण गरी व्यवसायीको वैज्ञानिक सेवा शुल्क निर्धारणसहित वैदेशिक रोजगार ऐन, २०६४ को समयसापेक्ष संशोधन गरिनुपर्ने विषयलाई पनि संघले विशेष जोड दिएको छ ।

एसोसिएसनको...

ध्यानाकर्षणपछि मलेसिया रोजगारीमा कुनै पनि प्रकारको एकाधिकार वा 'सिन्डिकेट' लगाउन नदिने मन्त्रालयको प्रतिबद्धता स्वागतयोग्य रहेको, तर अझै केही स्वार्थी समूह एकाधिकार कायम गराउन सक्रिय रहेकाले सचेत हुनुपर्ने तथा न्यायोचित र व्यावहारिक सेवा शुल्क निर्धारण गर्नुपर्ने माग पनि एसोसिएसनले उठाएको छ ।

त्यस्तै, युएई रोजगारीमा भिएफएसको नयाँ व्यवस्था खारेज हुनुपर्नेलगायतका विषयमा सचिव डा. काफ्लेको ध्यानाकर्षण गराएको महासचिव सुमनराज पाण्डेले बताए । ध्यानाकर्षण पत्र बुझ्काउन अध्यक्ष लामा, महासचिव पाण्डेसहित नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष भुवनसिंह गुरुङ, पूर्वमहासचिव मेघनाथ भुर्तेललगायत मन्त्रालय गएका थिए ।

सुरक्षा र न्याय माग्दै मुस्लिम अगुवाले बनाए पाँचबुँदे रोडम्याप

इसत्याक/मध्यान्ह
काठमाडौं, २५ साउन

देवानगन्ज-कप्तान गन्ज घटनापछि मुस्लिम समुदायमा देखिएको सुरक्षा चिन्ता, धार्मिक स्थल तथा व्यवसायको संरक्षण र सामाजिक सद्भाव कायम गर्ने विषयमा मुस्लिम अगुवाहरूले सरकारसमक्ष पाँचबुँदे रोडम्याप अघि सारेका छन्।

राष्ट्रिय मुस्लिम समन्वय समितिको आयोजनामा मौलाना मञ्जुर अहमद मदनीको अध्यक्षतामा सोमबार काठमाडौंमा बसेको बैठकले घटनापछि उत्पन्न परिस्थितिको समीक्षा गर्दै गृह मन्त्रालयमा बुझाउने सात पृष्ठको अवधारणापत्रलाई अन्तिम रूप दिएको हो । अवधारणापत्रको निचोडका रूपमा सरकारको ध्यानाकर्षणका लागि पाँच मुख्य माग अघि सारिएको समितिले जनाएको छ। समितिका सहसंयोजक मोहम्मद युनुस अहमरका अनुसार केही दिनअघि गृहमन्त्री सुधन गुरुङले मुस्लिम समुदायका प्रतिनिधिहरूसँगको छलफलमा समुदायको दृष्टिकोणबाट सुरक्षा रणनीति र समाधानको मार्गचित्र तयार गरी पेस गर्न आग्रह गरेका थिए । सोहीअनुसार अवधारणापत्र तयार गरिएको हो ।

गत साता मानवअधिकार आयोगकी पूर्वआयुक्त मोहना अन्सारीको संयोजकत्वमा पाँच सदस्यीय मस्यौदा समिति गठन गरिएको थियो ।

मस्यौदा समितिका सदस्य तथा पूर्वमन्त्री मोहम्मद जाकिर हुसैनले अवधारणापत्रको निचोड पाँच बुँदामा समेटिएको बताए। उनका अनुसार देवानगन्ज कप्तानगन्ज घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारसँग राज्यले गरेका सहमतिका कानुनसम्मत प्रावधान तत्काल कार्यान्वयन गर्नुपर्ने, घटनाको निष्पक्ष छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र मृतकबाहेक अन्य प्रभावित पीडितलाई न्याय, क्षतिपूर्ति तथा पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने माग गरिएको छ।

त्यस्तै, घटनामा दोषी देखिने जोसुकैलाई कानुनबमोजिम कारबाही गर्नुपर्ने र विगतमा सद्भावको नाममा दोषीलाई उन्मुक्ति दिने प्रवृत्ति अन्त्य गर्नुपर्नेमा मुस्लिम अगुवाहरूले जोड दिएका छन् । भविष्यमा यस्ता घटना दोहोरिन नदिन स्थायी तथा प्रभावकारी संस्थागत सुरक्षा संयन्त्र निर्माण गर्नुपर्ने उनीहरूको माग छ।

बैठकमा अवधारणापत्रमाथि विस्तृत छलफल भएको थियो । सहभागी बुद्धिजीवी तथा अगुवाहरूले दिएका सुझाव समेटेर आवश्यक परिमार्जनपछि अवधारणापत्र गृह मन्त्रालयमा बुझाउने सहमति भएको समितिका संयोजक मोहम्मद निजामुद्दिनले जानकारी दिए ।

छलफलमा देवानगन्ज-कप्तानगन्ज घटनासँगै सुनसरी, सिरहा, पर्सा र धनुषालगायत जिल्लामा मुस्लिम समुदायमाथि भएको भनिएको कुटपिट, घर तथा व्यवसायमा भएको क्षति, मस्जिद तथा मदरसामा भएको तोडफोड र आगजनीका घटनाबारे समेत छलफल भएको थियो ।

सहभागीहरूले हिन्दू र मुस्लिम समुदायबीच कुनै दीर्घकालीन विवाद नरहेको दाबी गर्दै देवानगन्ज घटना स्थानीय विवादबाट सुरु भएको बताएका थिए । उनीहरूका अनुसार कप्तानगन्जका एक नागरिकको प्रहरीको गोलीबाट मृत्यु भएपछि उत्पन्न तनावलाई गलत ढंगले व्याख्या गर्दै मुस्लिम समुदायमाथि आक्रमण भएको थियो ।

बैठकले घटनामा संलग्न व्यक्ति जुनसुकै समुदायका भए पनि निष्पक्ष अनुसन्धान गरी कानुनअनुसार कारबाही हुनुपर्ने निष्कर्ष निकालेको छ । मुस्लिम समुदायका तर्फबाट कोही दोषी देखिए कारबाही स्वीकार्य हुने र अन्य समुदायका व्यक्ति दोषी देखिए पनि समान कानुनी प्रक्रिया लागू हुनुपर्ने धारणा अगुवाहरूले राखेका छन् ।

घटनाका क्रममा भएको भौतिक क्षतिको राज्यले क्षतिपूर्ति तथा पुनःस्थापनाको व्यवस्था गर्नुपर्ने माग पनि बैठकले गरेको छ । साथै, घटनामा ज्यान गुमाएका चारजनाप्रति दुःख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना प्रकट गरिएको थियो । राज्य र पीडित पक्षबीच भएका सहमति तत्काल कार्यान्वयन गर्नुपर्नेमा समेत बैठकले जोड दिएको छ ।

समितिले वर्तमान सरकारप्रति केही आशंका रहे पनि समस्या समाधानको मुख्य जिम्मेवारी सरकारकै भएको निष्कर्ष निकालेको छ। गृह मन्त्रालयसँग पुनः छलफल गरी अवधारणापत्र औपचारिक रूपमा बुझाउने तयारी भइरहेको समितिले जनाएको छ।

यसअघि आइतबार मुस्लिम अगुवाहरूले नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर सामुदायिक सुरक्षाका विषयमा आवश्यक पहल गरिदिन आग्रह गरेका थिए ।

स्काउटका पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश

काठमाडौं/मस–सर्वोच्च अदालतले नेपाल स्काउटका निर्वाचित पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले यही साउन ५ गते निर्वाचित उक्त पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न सोमबार अल्पकालीन अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'यही साउन ५ गते निर्वाचितहरूलाई पदमुक्त गर्ने गरी नेपाल स्काउटको प्रमुखबाट भएको निर्णय कार्यान्वयन नगर्नु/नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (ख) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको छ।'

स्काउटका निर्वाचित पदाधिकारीलाई पदमुक्त गर्ने निर्णय रोक्न रवि खनालसमेतले रिट निवेदन दायर गरेका थिए । स्काउटको राष्ट्रिय परिषद् तथा प्रदेश परिषदका विभिन्न पदमा चार वर्षका लागि निर्वाचित भएकाले बीचमा हटाउन नमिल्ने रिट निवेदनमा उल्लेख छ । अदालतले दुवै पक्षलाई आगामी भदौ ३ गतेका लागि छलफलमा बोलाएको छ ।

मध्यान्ह दैनिक
www.madhyanhadaily.com

प्रोटोकलको अडानबाट पछि हटे प्रधानमन्त्री

भारतीय र चिनियाँ राजदूतसँग एक्लाएक्लै भेट

काठमाडौं/मस– प्रधानमन्त्री बालेन्द्र शाहसँग नेपालका लागि भारतीय र चिनियाँ राजदूतले छुट्टाछुट्टै शिष्टाचार भेट गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा दुवै देशसँगको द्विपक्षीय सम्बन्ध, विकास साझेदारी तथा पारस्परिक हितका विषयमा छलफल भएको छ ।

प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार प्रधानमन्त्री शाहसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गरेका हुन् । भेटमा नेपाल-भारत सम्बन्ध, दुई देशबीचको ऐतिहासिक मित्रता, पारस्परिक हित, विकास साझेदारी तथा सहकार्यका विविध विषयमा छलफल भएको थियो । प्रधानमन्त्री शाहले भारतसँगको ऐतिहासिक

सम्बन्धलाई थप प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा मिलेर काम गर्नुपर्नेमा जोड दिएका थिए । भारतीय राजदूत श्रीवास्तवले प्रधानमन्त्री शाहलाई कार्यकालको सफलताको शुभकामना दिँदै नेपाल-भारत सम्बन्ध तथा सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यसैगरी, प्रधानमन्त्री शाहसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङले पनि शिष्टाचार भेट गरेका छन् । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा नेपाल-चीन सम्बन्धलाई थप सुदृढ बनाउने, विभिन्न क्षेत्रमा सहयोग प्रवर्धन गर्ने तथा विकास साझेदारी अभिवृद्धि गर्ने विषयमा छलफल भएको थियो ।

भेटमा प्रधानमन्त्री शाहले चीनसँगको ऐतिहासिक सम्बन्धलाई थप प्रगाढ बनाउँदै साझा हितका क्षेत्रमा सहकार्य अघि बढाउनुपर्नेमा जोड दिएका थिए । चिनियाँ राजदूत माओमिङले पनि प्रधानमन्त्री शाहलाई कार्यकालको सफलताको शुभकामना दिँदै नेपाल र चीनबीचको आपसी सम्बन्ध तथा सहकार्यलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

सन्धि–सम्झौता पुनरावलोकन गर्न सरकार प्रतिबद्ध : परराष्ट्रमन्त्री

काठमाडौं/मस– परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको हितलाई केन्द्रमा राख्दै आवश्यकताअनुसार द्विपक्षीय तथा बहुपक्षीय सन्धि-सम्झौताको पुनरावलोकन, परिमार्जन वा नवीकरण गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा बोल्दै मन्त्री खनालले यस्तो बताएका हुन् । उनले अन्तर्राष्ट्रिय कानुन र कूटनीतिक प्रचलनअनुसार सन्धि-सम्झौताको पुनरावलोकन सम्बन्धित पक्षराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाको आपसी सहमति र स्वीकृतिमा निर्भर रहने पनि बताए ।

उनले नेपालको हितलाई

केन्द्रमा राखेर सम्बन्धित मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थासँग सहकार्य गर्दै उपयुक्त समयमा सन्धि-सम्झौताको पुनरावलोकन गरिने बताए । उनले कानुन, न्याय तथा संदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय तथा सम्बन्धित अन्य मन्त्रालयको अधिकार क्षेत्रभित्र रहेका सन्धि-सम्झौताको समीक्षा गर्ने कार्य भइरहेको बताए ।

सम्बन्धित पक्ष राष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थासँग कूटनीतिक माध्यमबाट वार्ता अघि बढाउने र पारस्परिक सहमति भएका सन्धि-सम्झौतालाई अन्तिम रूप दिने काम समेत भइरहेको मन्त्री खनालले बताए ।

मन्त्रालयले उपलब्ध जनशक्ति र साधनस्रोतका आधारमा प्राथमिकता निर्धारण गरी वार्षिक कार्ययोजनाअनुसार सन्धि-सम्झौताको समीक्षा तथा प्रगतिको काम नियमित रूपमा अघि बढाइरहेको मन्त्री खनालको भनाइ छ ।

१५ वर्षमा राष्ट्रिय गौरवका आयोजनाको औसत प्रगति करिब ५५ प्रतिशत मात्रै

काठमाडौं/मस– राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण हालकै गतिमा अघि बढेमा सम्पन्न हुन अझै कम्तीमा १० वर्ष लाग्ने देखिएको छ । पूर्वाधार विकास समितिअन्तर्गत राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमितिले तयार पारेको प्रतिवेदनले यस्तो निष्कर्ष निकालेको हो ।

बजेटको स्रोत सुनिश्चितता, जग्गा प्राप्ति, रुख कटान, काम गर्ने समयको कमी लगायत विभिन्न नीतिगत समस्याका कारण राष्ट्रिय गौरवका आयोजनाको काम समयमा नै सम्पन्न हुन नसकेको उपसमितिका संयोजक श्रीराम न्यौपानेले जानकारी दिए । समितिले राष्ट्रिय गौरवको आयोजनालाई छिटो सम्पन्न गर्न सुझावसहितको प्रतिवेदन तयार पारेको छ । प्रतिवेदनमा दिएका सुझाव अनुरुप आवश्यक कानुनी तथा प्रशासनिक सुधारसहित काम अघि बढाएमा ३ देखि ५ वर्षभित्रै आयोजना सम्पन्न गर्न सकिने उपसमितिका संयोजक न्यौपानेले बताए ।

न्यौपानेले राष्ट्रिय गौरवका आयोजनाहरू निर्माण सुरु भएको करिब १५ वर्ष पुग्दा पनि औसत प्रगति करिब ५५ प्रतिशत मात्रै रहेको बताए । उनकाअनुसार १५ वटा राष्ट्रिय गौरवका आयोजनाको प्रगति करिब २० प्रतिशतदेखि ७० प्रतिशतसम्म छ । रामो प्रगति भएका आयोजनाको वार्षिक प्रगति समेत अधिकतम करिब ५ प्रतिशत मात्रै रहेको उनले जानकारी दिए । उनले यही दर कायम रहेमा आयोजना सम्पन्न गर्न न्यूनतम थप १० वर्ष लाग्ने बताए । न्यौपानेकाअनुसार १७ वटा राष्ट्रिय गौरवका आयोजनामध्ये माथिल्लो तामाकोशी जलविद्युत आयोजना निर्माण सम्पन्न भइसकेको छ भने पश्चिम सेती जलविद्युत् आयोजना अझै निर्माण सुरु भएको छैन ।

उपसमितिले राष्ट्रिय गौरवका आयोजनामा देखिएका प्रमुख समस्यामध्ये जग्गा प्राप्ति, वन तथा वातावरणसम्बन्धी स्वीकृति, बजेट सुनिश्चितता, निर्माण व्यवसायी र ठेक्का व्यवस्थापनलाई मुख्य अवरोधका रूपमा पहिचान गरेको छ । न्यौपानेले सबैजसो आयोजनामा जग्गा अधिग्रहण र मुआब्जा वितरण समस्या देखिएको बताए । विकास आयोजनाका लागि जग्गा प्राप्ति गर्न छुट्टै कानुनी व्यवस्था आवश्यक रहेको उनको भनाइ छ ।

उनले सार्वजनिक तथा निजी जग्गा व्यवस्थापनसम्बन्धी छुट्टै ऐन बनाउन सुझाव दिएको जानकारी दिए । हाल प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने जिल्ला समितिमार्फत जग्गा प्राप्ति गर्ने व्यवस्था प्रभावकारी नभएको भन्दै उनले आयोजना प्रयोजनका लागि छिटो, पारदर्शी र स्पष्ट मापदण्डसहितको व्यवस्था आवश्यक रहेको बताए । आयोजना निर्माणमा अर्को प्रमुख समस्या वन तथा वातावरणसम्बन्धी कानुन र स्वीकृति प्रक्रियामा हुने ढिलाइ रहेको उपसमितिको निष्कर्ष छ । विशेषगरी जलविद्युत आयोजनामा रुख कटान तथा वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृतिका कारण आयोजना लामो समय रोकिएको न्यौपानेले बताए । उनले विकास निर्माणलाई गति दिन 'सनसेट ऐन' ल्याएर निश्चित अवधिका लागि 'विकास दशक' घोषणा गर्नुपर्ने प्रस्ताव गरे । यस्तो कानुनी व्यवस्थामार्फत विकास आयोजनाका लागि बाधक बनेका कानुनी प्रक्रियालाई निश्चित अवधिका लागि सरलीकरण वा निलम्बन गर्न सकिने उनको तर्क छ ।

न्यौपानेले नेपालमा वन क्षेत्र ठुलो भएपनि त्यसबाट आर्थिक लाभ लिन नसकिएको बताए । उनकाअनुसार नेपालको कुल भूभागको करिब ४६ प्रतिशत वन क्षेत्र रहे पनि कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान करिब साढे ३ प्रतिशत मात्रै छ । जलविद्युत उत्पादनमा रुख कटानसम्बन्धी स्वीकृति प्रक्रियाले समेत बाधा पुऱ्याइरहेको भन्दै उनले वन संरक्षण र ऊर्जा विकासलाई एकअर्काको विरोधीका रूपमा नभई समन्वय गरेर अघि बढाउनुपर्ने धारणा राखे ।

उपसमितिले आयोजनामा बजेट सुनिश्चितता र समयमा भुक्तानी नहुनुलाई तेस्रो प्रमुख समस्याका रूपमा औंल्याएको छ । त्यस्तै, निर्माण व्यवसायीको अनुभव तथा दक्षताको कमी र ठेक्का व्यवस्थापनमा सरकारी कमजोरीसमेत आयोजनाको प्रगतिमा बाधक बनेको न्यौपानेले बताए । काम नगर्ने निर्माण व्यवसायीसँगको ठेक्का तोडिएपछि पुनः नयाँ ठेक्का लगाउने प्रक्रियामा समेत कानुनी तथा व्यावहारिक समस्या देखिएको उनको भनाइ छ ।

सुनकोशी-मरिन डाइभर्सन आयोजनाको उदाहरण दिँदै उनले ठेक्का तोडिएपछि नयाँ निर्माण व्यवसायीले आयोजना स्थलमा प्रवेश गर्ने विषयमा समेत कानुनी स्पष्टता आवश्यक रहेको बताए । उपसमितिले निर्माण सामग्रीको व्यवस्थापनलाई पनि आयोजनाको ढिलाइको प्रमुख कारणका रूपमा पहिचान गरेको छ । स्थानीय तहबाट गिट्टी-बालुवा लगायतका निर्माण सामग्रीमा अवरोध हुने तथा निर्माण व्यवसायीले आवश्यक सामग्री व्यवस्थापन गर्न नसक्ने समस्या देखिएको न्यौपानेले बताए ।

त्यस्तै, मेसिन तथा निर्माण सामग्री आयात गर्दा भन्सार र करसम्बन्धी प्रक्रियाका कारण सामग्री भन्सारमै रोकिँदा आयोजनाको काम प्रभावित हुने गरेको उनले जानकारी दिए । आयोजना प्रमुख तथा जनशक्ति छनोट, मेसिन-उपकरणको छनोट, अन्तर्राष्ट्रिय समन्वय र तीन तहका सरकारबीचको समन्वयमा कमजोरीसमेत समस्या रहेको उपसमितिको निष्कर्ष छ ।

आयोजना, निर्माण व्यवसायी, परामर्शदाता तथा मध्यस्थकर्तावीच हुने विवाद समाधानमा समेत जटिलता रहेको उपसमितिले जनाएको छ । कतिपय आयोजना मध्यस्थकर्ताको तहमा पुग्ने र कतिपय अदालतमा मुद्दा परेर लामो समय अल्झिने गरेको न्यौपानेले बताए । डिजाइन परिवर्तन, भेरिएसन, समय थप, मूल्यवृद्धि तथा निर्माण व्यवसायीका दावी भुक्तानी सम्बन्धमा स्पष्ट कानुन र मापदण्डको अभाव रहेको उनको भनाइ छ ।

उनले विद्यमान कानुन भएपनि त्यसको कार्यान्वयन पक्ष कमजोर रहेको बताए । सार्वजनिक खरिद ऐन संशोधन भएर केही समस्या सम्बोधन भएपनि अझै सुधारको आवश्यकता रहेको न्यौपानेले बताए । उनले आयोजना कार्यान्वयनमा देखिएका समस्या पहिचान गरी सार्वजनिक खरिदसम्बन्धी व्यवस्थालाई थप सूक्ष्म विश्लेषणसहित सुधार गर्नुपर्ने धारणा राखे ।

न्यौपानेले विकास आयोजनाको कामलाई अनुगमन र छलफलमा मात्र सीमित नगरी तत्काल अवरोध हटाउने कानुनी संयन्त्र निर्माण गर्नुपर्नेमा जोड दिए । उनले आयोजना निर्माणको काम पनि फुलफेजमा गर्नुपर्ने सुझाव दिए । दिनमा ८ घण्टा काम गरेर मात्रै विकास निर्माणको आयोजना समयमा नै सम्पन्न नहुने उनको भनाइ छ ।

उपसमितिले राष्ट्रिय गौरवका आयोजनाका प्रमुख १५ वटा चुनौती प्रतिवेदनमा औंल्याएको छ । उपसमितिले काठमाडौं-तराई/मधेस द्रुतमार्ग र सुनकोशी-मरिन डाइभर्सन आयोजनाको स्थलगत अनुगमनसमेत गरेको थियो भने अन्य आयोजनाका प्रमुख तथा विज्ञहरूसँग आयोजनाको प्रस्तुतीकरण लिएको थियो । सबै आयोजनाको प्रस्तुतीकरण, विज्ञहरूसँगको छलफलपछि प्रतिवेदन तयार पारिएको संयोजक न्यौपानेले जानकारी दिए ।

पूर्वमन्त्री कार्की १५ लाख धरौटीमा थुनामुक्त

काठमाडौं/मस– विशेष अदालत काठमाडौंले पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई थुनामुक्त गर्न आदेश गरेको छ । न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले सोमबार नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्वअर्थमन्त्री कार्कीलाई १५ लाख धरौटी लिएर थुनामुक्त गर्न

आदेश गरेको हो । नेता कार्कीलाई भ्रष्टाचार मुद्दामा थुनछेक बयानका लागि अदालतमा हाजिर गराइएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको दावी गर्दै नेता कार्कीसहितका प्रतिवादीविरुद्ध तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० र बिगो दाबीसहित विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

विधि विज्ञान प्रयोगशालाको कार्यकारी प्रमुखका लागि ५५ वर्षे उमेर हद प्रस्ताव

काठमाडौं/मस– विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको कार्यकारी प्रमुखका लागि ५५ वर्षको उमेर हद प्रस्ताव गरेका छन् । सोमबार प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बैठकमा 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' माथिको छलफलमा उनले यस्तो प्रस्ताव गरेका हुन् ।

मन्त्री पुनले नवप्रवर्तन र

प्रविधिको क्षेत्रमा युवा पुस्ता बढी दक्ष र ऊर्जावान् हुने भएकाले कार्यकारी नेतृत्वमा युवालाई नै प्राथमिकता दिनुपर्ने तर्क गरे । यद्यपि, कानुनी जटिलताका कारण उमेर हद ६० वर्ष नै कायम गर्नुपर्ने अवस्था आएमा आफू लचिलो हुने पनि उनले स्पष्ट पारे । मन्त्री पुनले कार्यकारी प्रमुखको अयोग्यतासम्बन्धी प्रावधानमा 'जातीय भेदभाव तथा छुवाछुत'लाई पनि समावेश गर्नुपर्ने प्रस्ताव गरे । हालको विधेयकमा यो विषय समावेश नभएको औंल्याउँदै उनले छुवाछुतलाई गम्भीर अपराधका रूपमा लिएर अयोग्यताको सूचीमा राख्नुपर्नेमा जोड दिए ।

युवा परिषद् ऐन पुनरावलोकन गर्दै सरकार

काठमाडौं/मस– युवा तथा श्रम तथा रोजगारमन्त्री रामजी यादवले राष्ट्रिय युवा परिषद् ऐन, २०७२ पुनरावलोकन गरी नयाँ ऐन ल्याउने तयारी भइरहेको बताएका छन् ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा सांसदसँगको प्रश्नोत्तर कार्यक्रममा बोल्दै मन्त्री यादवले यस्तो बताएका हुन् । उनले युवाको बदलिँदो अपेक्षा, श्रम बजार र प्रविधिअनुसार राष्ट्रिय युवा परिषद्लाई थप प्रभावकारी र युवासम्बन्धी विषयमा नेतृत्वदायी

संस्थाका रूपमा विकास गर्न नयाँ ऐन ल्याउन लागिएको जानकारी दिए । उनले राष्ट्रिय युवा ऐनको मस्यौदा नेपाल कानून आयोगले तयार गरी मन्त्रालयमा पठाइसकेको समेत जानकारी दिए । उनले युवाको क्षेत्रमा विकास भएका नयाँ आयाम र अन्तर्राष्ट्रिय परिवेशलाई राष्ट्र निर्माणमा परिचालन गर्ने उद्देश्यले युवा नीति, २०८२ जारी गरिएको समेत बताए । उक्त नीति आगामी दशकमा युवालाई बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्नसक्ने, आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउने मार्गचित्र भएको मन्त्री यादवको भनाइ छ । सरकारले युवालाई नेतृत्व सीप र रोजगारीसँग जोड्न चालु आर्थिक वर्षको बजेटमा आवश्यक व्यवस्था गरेको पनि मन्त्री यादवले बताए ।

गौरमा पाकिस्तान दूतावासद्वारा प्रदान गरिने छात्रवृत्ति रकम हस्तान्तरण

सत्येन्द्रप्रताप सिंह/मध्यान्ह
रौतहट, २५ साउन

पाकिस्तान एम्बेस्सीबाट छात्रवृत्ति बापत उपलब्ध गराइएको नगद पुरस्कारका लागि छनोटमा परेका रौतहटका विद्यार्थीहरूलाई नगद चेक हस्तान्तरण गरिएको छ । जिल्लाको सदरमुकाम गौरस्थित श्री जुद्ध माध्यमिक विद्यालयका छात्र निखिल कुमार मिश्रासहित तीन जना जेहेन्दार विद्यार्थीलाई प्रतिव्यक्ति १० हजार रुपैयाँको चेक प्रदान गरिएको हो ।

सदरमुकाम गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले एक औपचारिक कार्यक्रमका बीच चयनित विद्यार्थी निखिल कुमार मिश्रलाई उक्त छात्रवृत्तिको चेक हस्तान्तरण गरेका हुन् ।

छात्रवृत्ति छनोट प्रक्रियाका लागि जिल्लाभरिका विद्यालयहरूबाट जेहेन्दार तथा जेहेन्दार विद्यार्थीहरूको नाम सिफारिस गर्न आह्वान गरिएको थियो । सोही प्रक्रिया अनुसार गौर नगरपालिका अन्तर्गतका विद्यालयहरूबाट उत्कृष्ट छात्रका रूपमा कक्षा १० मा अध्ययनरत निखिल मिश्र चयनित भएका छन् ।

चेक हस्तान्तरण गर्दै नगर प्रमुख शम्भु साहले चयनित छात्र मिश्रलाई हार्दिक बधाई दिँदै उज्ज्वल भविष्यका साथै थप शैक्षिक उपलब्धिका लागि शुभकामना व्यक्त गरेका हुन् । नगर प्रमुख साहले विद्यार्थीहरूका लागि यस्ता प्रोत्साहनमूलक छात्रवृत्तिले पठनपाठनमा ऊर्जा थप्ने र भविष्यमा अझ राम्रो नतिजा हासिल गर्न प्रेरणा मिल्ने बताए । सो कार्यक्रममा विद्यालयका शिक्षक, विभिन्न संचारक्षेत्रमा कार्यरत संचारकर्मीहरु स्थानीय प्रतिनिधि तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

हिमाली क्षेत्रमा नवीकणीय ऊर्जा प्रविधि विस्तारमा जोड

काठमाडौं/मस– देशका उच्च हिमाली क्षेत्रमा जलवायुमा आएको परिवर्तन, आधुनिक जीवनशैली, पर्यटकीय गतिविधिलगायत घरभित्र र बाहिरको वातावरणमा परेको प्रभावलाई न्यूनीकरण गर्न नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्धन गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् ।

एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय केन्द्र (इसिमोड) र प्राक्टिकल एक्सनको पहलमा कार्यान्वयनमा ल्याउन लागिएको 'स्वच्छ तापका लागि नवीकरणीय ऊर्जाको प्रवर्धन' परियोजनाको शुभारम्भका अवसरमा सहभागीहरूले नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्द्धन गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका हुन् ।

उच्च हिमाली क्षेत्रमा बाह्रैमास जस्तो चिसो हुने हुँदा खाना पकाउन र घर तताउन दाउराको बढी खपत गर्नुपर्ने भन्दै यसले घरभित्र र बाहिरको वायु प्रदूषण बढाउनुका साथै हिमालमा 'ब्ल्याक कार्बन'को मात्रा बढ्ने बताइएको छ । सोही कारणले हिउँ पग्लिने समस्या बढ्दै गएको सन्दर्भमा यस समस्यालाई न्यूनीकरण गर्न विभिन्न नवीकरणीय ऊर्जा प्रविधिलाई उपयोगमा ल्याउन सकिने सहभागीले बताएका छन् । मुस्ताङको जोमसोम गाउँपालिकाको मार्फा गाउँका ६५ घरधुरी र विभिन्न पाँच वटा सामुदायिक संस्थामा नमूनाका रूपमा परियोजना कार्यान्वयनमा ल्याउन लागिएको सो अवसरमा जानकारी दिइयो । कार्यक्रममा इसिमोडका महानिर्देशक पेमा ग्यार्म्टसोले घरभित्रको वायु प्रदूषणले जनस्वास्थ्यमा प्रभाव पार्ने र जलवायु परिवर्तनको समस्या बढाउने भएकाले हिमाली क्षेत्रको वातावरणमा पर्ने नकारात्मक असर कम गर्न स्वच्छ नवीकरणीय ऊर्जा प्रविधिको प्रवर्धनमा जोड दिनुपर्ने बताए । वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले केन्द्रले विभिन्न कार्यक्रममार्फत हिमाली क्षेत्रमा स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्दै आएको उल्लेख गर्दै सरकारले स्वीकृत गरेको तापीय ऊर्जा मार्गचित्रको कार्यान्वयनबाट यस क्षेत्रको वातावरणीय स्वच्छता, ऊर्जाको आवश्यकता र जनताको जीवनस्तरमा सुधार ल्याउन सकिने धारणा राखे ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

डिम्बदानमा विकृति

निःसन्तान दम्पतीका लागि आधुनिक चिकित्सा प्रविधि वरदान बनेको छ । आइभिएफमार्फत सन्तान प्राप्त गर्ने सम्भावना बढेको छ । तर, यही संवेदनशील उपचार प्रक्रियालाई पैसाको लोभ र बिचौलियाको स्वार्थसँग जोडेर किशोरीको डिम्ब निकाल्नेजस्तो गम्भीर अपराध बढ्नु चिन्ताको विषय बनेको छ । पछिल्लोपटक एक १७ वर्षीया किशोरीलाई प्रलोभनमा पारेर डिम्ब निकालिएको घटनाले राज्यको नियमन र चिकित्सा क्षेत्रको नैतिकतामाथि गम्भीर प्रश्न उठाएको छ । प्रहरीले चिकित्सक र बिचौलियामाथि अनुसन्धान त अघि बढाएको छ । तर, कानुनी र प्रक्रियागत छिद्र प्रयोग गरेर यस्तो कारोबार मौलाएको तथ्य पनि सँगै उजागर गरेको छ । जुनसुकै बहानामा नाबालिगको स्वास्थ्य र शरीरसँग जोडिएका विषयमा कुनै पनि प्रकारको लापरबाही स्वीकार्य हुन सक्दैन ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२ले डिम्ब वा शुक्रकीट दान गर्ने व्यक्तिको उमेर २० देखि ३५ वर्ष तोकेको छ । नाबालिगले डिम्ब दान गर्न नपाउने व्यवस्था पनि प्रस्टसँग उल्लेख छ । त्यसै पनि डिम्ब दानलाई व्यापारको वस्तु बनाउन पनि पाइँदैन । यस्तो स्पष्ट व्यवस्था हुँदाहुँदै किशोरीहरूलाई प्रलोभनमा पारेर डिम्बको व्यापार हुनुले राज्यका निकायको कमजोर नियमन त उदांगो पारेको छ नै, चिकित्सकीय आचारसंहिता र नैतिकतामाथि पनि प्रश्न उठाएको छ ।

डिम्ब निकाल्ने प्रक्रिया सामान्य विषय होइन । विशेषज्ञ चिकित्सकको निगरानी, आवश्यक परीक्षण, औषधि र स्वास्थ्य अवस्थाको मूल्यांकनपछि मात्रै यस्तो प्रक्रिया अघि बढाउनुपर्ने हुन्छ । अझ किशोरीको हकमा शारीरिक र मानसिक विकासको संवेदनशील अवस्थालाई ध्यान दिनुपर्छ । आर्थिक रूपमा कमजोर परिवार वा अपरिपक्व उमेरका युवतीलाई पैसाको प्रलोभनमा पारेर डिम्ब निकाल्ने प्रवृत्ति विकसित भयो भने यो स्वास्थ्य क्षेत्रको मात्र समस्या रहँदैन, मानव अधिकार र सामाजिक न्यायको विषयसमेत बन्छ । अर्कोतर्फ, नेपालमा डिम्ब दानसम्बन्धी कानुनी स्पष्टता र नियमनलाई अझ बलियो बनाउनुपर्ने देखिन्छ । निःसन्तान दम्पतीका लागि आवश्यक उपचारलाई रोक्ने होइन, सुरक्षित र पारदर्शी बनाउनेतर्फ राज्यको ध्यान जानुपर्छ । दाता छनोट, स्वास्थ्य परीक्षण, सहमति, गोपनीयता, पारिश्रमिक र अनुगमन सबै पक्ष स्पष्ट हुनुपर्छ ।

चिकित्सा पेसा विश्वासमा आधारित हुन्छ । चिकित्सक, अस्पताल र नियामक निकायले त्यो विश्वास जोगाउनुपर्छ । किशोरीको शरीर कुनै कारोबारको वस्तु होइन । राज्यले अनुसन्धानलाई निष्पक्ष रूपमा टुंग्याउँदै दोषीमाथि कारबाही र भविष्यमा यस्ता घटना दोहोरिन नदिने प्रभावकारी संयन्त्र बनाउनुपर्छ । निःसन्तान उपचारको नाममा हुने कुनै पनि बेथितिमाथि अब कठोर निगरानी आवश्यक छ ।

फेरिएका अनुहार, नफेरिएको शासन

राणाकाल, पञ्चायत, बहुदल हुँदै गणतन्त्रसम्म आइपुग्दा सिंहदरबारमा शासकका अनुहार फेरिए पनि शासकीय शैली, भ्रष्टाचार र जनअपेक्षामाथिको घात बदलिएको छैन । नवोदित राजनीतिक शक्तिहरुसँग सुशासन, पारदर्शिता र प्रभावकारी सेवा प्रवाहको ठुलो अपेक्षा भए पनि पुरानै ढर्रा दोहोरिने हो भने जनादेशको अवमूल्यन हुनेछ ।

अग्रलेख

● खिमराज गिरी

नेपालको राजनीतिक इतिहास केवल सत्ता परिवर्तनको इतिहास मात्र होइन, पटक-पटकका निर्वाचन र आन्दोलनबाट प्राप्त जनअपेक्षामाथि घात भएको निरन्तरको इतिहास पनि हो । राणाशासन, पञ्चायती व्यवस्था, प्रजातन्त्र, संवैधानिक राजतन्त्र अनि संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा शासनका संरचना फेरिए, संविधान फेरिए, दल फेरिए र प्रधानमन्त्रीहरू पनि फेरिए । तर, आमनागरिकले प्रत्यक्ष अनुभूत गर्ने राज्यको चरित्र भने अपेक्षित रूपमा बदलिन सकेन । तसर्थ, आज सर्वत्र गम्भीर प्रश्न उठ्न थालेको छ- समस्या व्यवस्थामा थियो कि शासकमा ? अथवा समस्याको जडका रूपमा दुवै पक्ष जिम्मेवार छन् ?

नेपालको आधुनिक शासनको सुरुवात राणाकालको निरंकुश पारिवारिक शासनबाट भएको मानिन्छ । जंगबहादुर राणाले स्थापित गरेको प्रणालीले राज्यलाई एउटा पारिवारिक विरासतमा सीमित राख्यो । तत्कालीन समयमा जनताको अधिकारको कल्पनासम्म गर्न सकिँदैनथ्यो । शिक्षा, स्वास्थ्य, प्रशासनिक पहुँच र अवसर शासक र तिनका सीमित आसेपासेमा मात्र सीमित थिए । २००७ सालको राजनीतिक परिवर्तन राजा र प्रजाको संयुक्त प्रयासबाट सम्भव भएको थियो । यसै परिवर्तनसँगै नेपालमा दलीय शासन पद्धतिको थालनी त भयो, तर राजा, राणा, तत्कालीन राजनीतिक दल र छिमेकी मुलुकको बहुकोणीय स्वार्थका कारण राजनीतिक स्थायित्व कायम हुन सकेन । परिणामस्वरूप २०१७ सालमा राजा महेन्द्रले पञ्चायती व्यवस्थाको प्रादुर्भाव गरे ।

पञ्चायतकालमा न त मिडिया स्वतन्त्रता थियो, न त जनताका मौलिक अधिकारको पूर्ण प्रत्याभूति नै । यद्यपि, राष्ट्रिय स्वाभिमान र देशको अस्तित्वको लडाइँमा राजा महेन्द्रले कहिल्यै विदेशीसँग सत्ताको सम्झौता गरेनन् भन्ने टिप्पणी इतिहासकारहरू गर्छन् । दलहरूबीचको आन्तरिक अस्थिरता र शक्ति संघर्षले लोकतन्त्रलाई संस्थागत हुन दिएन । पञ्चायतकालमा सडक, उद्योग, विद्यालयलगायत केही दीर्घकालीन पूर्वाधार निर्माण भए पनि जनताको नागरिक स्वतन्त्रता र बोल्ने अधिकार कुण्ठित गरिएकाले २०४६ सालको जनआन्दोलन भयो । जनआन्दोलनले बहुदलीय प्रजातन्त्र पुनःस्थापना गऱ्यो र २०४७ सालको संविधानले संवैधानिक राजतन्त्रलाई स्वीकार गऱ्यो । तर, त्यसपछि बनेका सरकारहरू लगातार अस्थिरता र विघटनको चक्रव्यूहमा अल्झिए । कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, शेरबहादुर देउवा, लोकेन्द्रबहादुर चन्द र सूर्यबहादुर थापालगायत नेता सरकार गठन र विघटनको खेलमै सीमित रहे । नेताहरूको राजनीतिक ऊर्जा विकास र सुशासनभन्दा सत्ता जोगाउने, आफन्त र दलको साख जोगाउने काममा खर्च भयो ।

यही राजनीतिक अस्थिरताको फाइदा उठाउँदै वैदेशिक शक्तिहरू विशेषगरी भारत नेपालका प्राकृतिक स्रोतसाधनमा आफ्नो अनुकूलता खोज्न र आफूअनुकूलको सरकार गठन गराउन सक्रिय भए । यहाँका दलहरू पनि विदेशीकै इसारामै चल्ने परिवन्धले गर्दा देश २०५२ सालपछि हिंसात्मक द्वन्द्वको भूमरीमा जकडियो । दशक लामो जनयुद्धमा ठुलो जनधनको क्षति भयो । कैयौं नेपालीले सहादत प्राप्त गरे । तर, तिनै पूर्वयोद्धाहरू आज खाडी मुलुकमा पसिना बगाउन बाध्य छन् भने त्यसबाट फाइदा उठाउने सीमित नेता र कार्यकर्ता आलिसान महलमा रमाइरहेका छन् ।

माओवादी द्वन्द्व अन्त्य गर्ने नाममा सबै दल गोलबद्ध भई २०६२/६३को जनआन्दोलनमार्फत राजतन्त्र समाप्त पारियो र संविधानसभाको निर्वाचन भयो । अब त देशमा स्थायी राजनीतिको बाटो खुल्यो भनेर नागरिकमा ठुलो उत्साह छायो, तर त्यो पनि क्षणिक साबित भयो । देशमा केही भौतिक विकासका काम नभएका होइनन्, तथापि सुशासन, पारदर्शिता र विधिको शासन सपना मात्र बने । गणतन्त्रपश्चात् पुष्पकमल दाहाल, माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली र शेरबहादुर देउवाले पालैपालो सत्ताको बागडोर सम्हाले ।

सुरुङमार्ग, सडक विस्तार, रेलको अवधारणा, पेट्रोलियम पाइपलाइन, जलविद्युत् लगानी र स्थानीय शासन पद्धतिको विकासजस्ता दीर्घकालीन रणनीति अघि सारिए । विशेषगरी केपी शर्मा ओलीको कार्यकालमा पूर्वाधार विकासका प्रयास देखिए । तथापि, यति, ओम्नी, बालुवाटार जग्गा काण्ड, गोकर्ण रिसोर्ट, मातातीर्थजस्ता भ्रष्टाचारका ठुला काण्डहरूले शासकीय पारदर्शितामाथि गम्भीर प्रश्न उठाए । संवैधानिक निकायहरूमा आफन्तवाद, कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप, न्यायपालिकामाथिको अविश्वास र सार्वजनिक प्रशासनको कमजोर कार्यसम्पादनले राज्यप्रतिको जनविश्वास ह्वात्तै घटायो । लोकतन्त्रको मापन निर्वाचनले मात्र हुँदैन, राज्यले नागरिकलाई दिने सेवा, न्याय र अवसरले हुन्छ भन्ने मान्यतामा नेपालको शासन व्यवस्था निरन्तर कमजोर देखियो ।

यद्यपि, सबै उपलब्धिलाई पूर्णतः नकार्न मिल्दैन । आज नेपाली नागरिकले आफ्ना जनप्रतिनिधि आफैं छान्ने अधिकार पाएका छन् । प्रेस स्वतन्त्रता र नयाँ मिडियाले सरकारलाई प्रश्न गर्न सक्ने वातावरण सिर्जना गरेको छ । स्थानीय सरकारमार्फत धेरै जनमुखी सेवा गाउँ-गाउँमा पुगेका छन् । महिला, दलित, जनजाति र सीमान्तकृत समुदायको प्रतिनिधित्व विगतको तुलनामा बढेको छ । यी लोकतन्त्रका सकारात्मक उपलब्धि भए पनि तीव्र भ्रष्टाचार र शासकीय प्रवृत्तिका कारण जनताको आक्रोश चुलियो । परिणामस्वरूप, गत भदौ २३ र २४ गते नयाँ पुस्ताको जेनजी आन्दोलन भयो । तत्कालीन केपी ओली नेतृत्वको सरकार बहिर्गमनमा पऱ्यो । त्यसपछि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भयो र गत फागुन २१ गते सम्पन्न निर्वाचनले पुराना राजनीतिक दलहरूलाई विस्थापित गरिदियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले दुईतिहाइनजिकको मत ल्याएर सत्ता सम्हाल्यो । बालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भएपछि प्रशासनिक तहमा केही रचनात्मक सुधारका प्रयास भएका छन् । तर, सुकुम्वासी बस्तीमा डोजर चलाइएको विषय, खाद्यान्न र इन्धनमा भएको मूल्यवृद्धि, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत क्षेत्रमा लगाइएका कर, वैदेशिक रोजगारीमा जाने युवाहरूले राहदानीका लागि भोग्नुपरेको सास्ती तथा कार्यसम्पादनका कमी-कमजोरीका कारण नयाँ सरकारप्रति पनि जनस्तरमा असन्तोषका स्वर सुनिन थालेका छन् ।

यदि नयाँ शक्तिहरूले पनि पुराना दलहरूकै शैली पछ्याउने हो भने नयाँ क्रान्ति र आन्दोलनको के अर्थ रहन्छ ? यो प्रश्न आज उठ्न थालेको छ । नयाँ पुस्ताले नेताको भाषण मात्र होइन, परिणाम खोजिरहेको छ । भ्रष्टाचारीमाथिको कारबाही, कूटनीतिक सन्तुलन र महँगी नियन्त्रणमा ठोस प्रगति नागरिकले हेर्न चाहेका छन् । अब राजनीतिक दलहरूले इतिहासको दोष एक-अर्कालाई थोपेर पन्छिने समय समाप्त भएको छ । चार दशकभन्दा बढी शासन सम्हालेका पुराना शक्तिहरूले आफ्ना सफलता र असफलताको इमानदार समीक्षा गर्नुपर्छ भने नयाँ शक्तिहरूले पनि प्रतिशोधको राजनीति त्यागेर परिणाममुखी काममा ध्यान केन्द्रित गर्नुपर्छ । नेपालको भूराजनीतिक स्थिति निकै संवेदनशील छ । उत्तरी छिमेकी चीन, दक्षिणी छिमेकी भारत र अमेरिकी शक्ति सन्तुलनलाई ध्यानमा राखेर नेपालले असंलग्न र परिपक्व कूटनीतिक यात्रा तय गर्नुपर्छ । तिब्बती शरणार्थी वा दलाई लामाको विषयलाई लिएर चीनलाई चिढ्याउनु, नदी, प्राकृतिक सम्पदा र सीमाका विषयमा भारतसँगको किचलोमा अल्झिनु वा अन्य शक्ति राष्ट्रसँग विवाद बढाउनु नेपालको विकासका लागि घातक हुन्छ । सत्ता जोगाउने प्रपञ्चमा विदेशीसँग राष्ट्रिय हितविपरीत सम्झौता गर्नुहुँदैन ।

आज नेपाली जनतालाई निःस्वार्थ तरिकाले शासन सञ्चालन गर्ने शासक चाहिएको छ, जो आफ्ना परिवार, दल र गुटका लागि होइन, सिंगो राष्ट्रका लागि समर्पित होस् । जनताले दिएको स्पष्ट सन्देश यही हो- सत्ता पाउनु मात्र ठुलो उपलब्धि होइन, नागरिकको विश्वास जोगाउनु असल शासनको पहिलो सर्त हो । यदि वर्तमान सरकार सुशासन, छिटो-छरितो सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र आर्थिक सुधारमा केन्द्रित रहन सक्यो भने मात्र प्राप्त जनादेश इतिहासमा सफल मानिनेछ ।

सिंहदरबारमा पटक-पटक अनुहार फेरिए तापनि शासकीय चरित्र नफेरिनु नेपालको राजनीतिकै मुख्य विडम्बना हो । सरकारहरू अक्सर विपक्षीभन्दा आफ्नै आन्तरिक कमजोरी र अहंकारका कारण संकटमा पर्ने गरेका छन् । अब त्यो गल्ती दोहोरिनुहुँदैन । आजको आवश्यकता विजयको उन्माद होइन, बरु विनम्रता, संवाद, सहकार्य, अनुशासन र नतिजामुखी शासन व्यवस्था हो ।

सिटीभित्र लुकेको ट्राफिक प्रहरीको व्यथा

सहर

● गणेश विक

ट्राफिक प्रहरीप्रति नागरिकको दृष्टिकोण मर्यादित हुनुपर्छ । ट्राफिक व्यवस्थापन प्रहरीको एकल दायित्व मात्र नभई सडक पूर्वाधार, नागरिक अनुशासन र प्रविधिमैत्री व्यवस्थापनसँग जोडिएको संयुक्त जिम्मेवारी हो ।

बिहानको चिसो नसकिँदै नेपाली सडकमा सवारीसाधन र पैदलयात्रीको चाप तीव्र गतिमा बढ्न थाल्छ । कार्यालय जानेको हतारो, विद्यालय हिँडेका विद्यार्थी, सार्वजनिक यातायातका यात्रु, निजी सवारीको भिड र पैदलयात्रीको चापसँगै सडकमा एउटा दृश्य दैनिक दोहोरिन्छ- चोकको बीचमा उभिएको ट्राफिक प्रहरी । हातमा सिटी, शरीरमा पोसाक, अनुहारमा गम्भीरता र आँखामा निरन्तर सडक नियाल्ने जिम्मेवारी । कहिले हात उठाएर सवारी रोकिरहेका हुन्छन्, कहिले जाम खुलाइरहेका हुन्छन् त कहिले दुर्घटनास्थलमा पुगेर उद्धार तथा व्यवस्थापनमा जुटिरहेका हुन्छन् । कसैलाई बाटो देखाइरहेका हुन्छन्, कसैलाई नियम सम्झाइरहेका हुन्छन् । तर, ट्राफिक प्रहरीको मनभित्र गहिरो पीडा लुकेको हुन्छ ।

सडकमा उभिएर ड्युटी गर्नु सामान्य कामजस्तो देखिए पनि यो शारीरिक र मानसिक रूपमा अत्यधिक चुनौतीपूर्ण जिम्मेवारी हो । चर्को घाम होस् वा लगातारको वर्षा, चिसो हावा होस् वा धुलो-धुवाँ, उनीहरूलाई सडक छाड्ने सुविधा हुँदैन । सडकमा सवारीको गति नियन्त्रण गर्नु, जाम व्यवस्थापन गर्नु र दुर्घटना रोक्नु उनीहरूको नियमित दायित्व हो । नागरिकका लागि केही मिनेटको ट्राफिक जाम असह्य बन्न सक्छ, तर त्यही जाम खुलाउन घण्टौंसम्म सडकमा उभिने प्रहरीको अवस्था कस्तो होला?

'सिटी' बजाउँदै बित्छ दिन

ट्राफिक प्रहरीको ड्युटी घडी हेरेर मात्र चल्दैन । सडकको अवस्थाअनुसार उनीहरूको कामको समय लम्बिन्छ । कार्यालय समयमा सडकमा सवारीको चाप बढ्दा उनीहरूलाई एकछिन पनि ढुक्क भएर उभिने अवस्था हुँदैन । एउटा दिशाबाट सवारी रोक्दै अर्को दिशाबाट चलाउनुपर्छ । पैदलयात्रीलाई सुरक्षित रूपमा बाटो काट्न सहयोग गर्नुपर्छ । एम्बुलेन्स, दमकल वा अन्य अत्यावश्यक सवारी आए तत्काल बाटो खुलाउनुपर्छ ।

यसैबीच कुनै चालकले नियम उल्लंघन गरे कारबाही गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा चालकहरूसँग अनावश्यक विवाद र झडपसमेत हुन्छ । सडकमा उभिएर नियम कार्यान्वयन गराउने प्रहरीलाई कतिपय नागरिकले 'जरिवाना गर्ने प्रहरी'का रूपमा मात्र बुझ्छन्, तर उनको जिम्मेवारी त्यसभन्दा धेरै ठुलो छ । ट्राफिक प्रहरीको एउटा सानो गल्ती वा असावधानीले ठुलो दुर्घटना निम्त्याउन सक्छ । त्यसैले उनीहरू निरन्तर सचेत रहनुपर्छ ।

प्रदूषणको मार

सडकमा खटिने ट्राफिक प्रहरीका लागि सबैभन्दा ठुलो चुनौती वायु र ध्वनि प्रदूषण हो । सवारीसाधनको धुवाँ, सडकको धुलो र निरन्तरको हर्नको आवाजबीच घण्टौं उभिनुपर्ने बाध्यता छ । सडकमा गुड्ने सवारीसाधनका लागि केही सेकेन्डको धुवाँ सामान्य हुन सक्छ, तर त्यही धुवाँको बीचमा दैनिक घण्टौं उभिने प्रहरीका लागि त्यो दीर्घकालीन स्वास्थ्य जोखिम बन्छ ।

त्यस्तै, मौसमले पनि उनीहरूलाई छुट दिँदैन । असार-साउनको वर्षामा सडकमा पानी जमेको हुन्छ, ढल उम्लिएको हुन्छ र सडक चिप्लो हुन्छ । मानिसहरू छाता ओढेर वा गाडीभित्र सुरक्षित भएर यात्रा गर्छन्, तर ट्राफिक प्रहरी भने सडकको बीचमा उभिएर सबैलाई सुरक्षित गन्तव्यतर्फ पठाउन पानीमा भिजिरहेका हुन्छन् । हिउँदमा कठ्याँग्रिँदो चिसो र गर्मीमा चर्को घाममा घण्टौं उभिँदा शरीर कमजोर हुन्छ । समयमा खानेपानी र खाना खाने वातावरणसम्म उनीहरूले पाउँदैनन् ।

परिवारभन्दा पहिले कर्तव्य

दसैं, तिहार, छठ, नयाँ वर्ष वा सार्वजनिक बिदाका दिन धेरै नेपालीका लागि परिवारसँग बिताउने समय हुन् । तर, ट्राफिक प्रहरीका लागि यस्ता दिन झन् बढी व्यस्त र तनावपूर्ण हुन्छन् । चाडपर्वमा मानिस घर फर्किन्छन्, सडकमा यात्रु र सवारीको चाप बढ्छ र दुर्घटनाको जोखिम पनि उत्तिकै रहन्छ । त्यसैले परिवारसँग बसेर टीका लगाउने वा बालबालिकासँग समय बिताउने रहर हुँदै गर्दा पनि उनीहरू सडकमा खटिनुपर्छ ।

घरमा बच्चाले 'बुबा कहिले आउनुहुन्छ ?' भनेर पर्खिरहेका हुन्छन् । श्रीमती वा परिवारका सदस्यले फोन गरेर घर आउने समय सोधिरहेका हुन्छन्, तर उनीहरूको जवाफ प्रायः एउटै हुन्छ- ड्युटी छ । यो दुई शब्दभित्र ट्राफिक प्रहरीको ठुलो पारिवारिक त्याग र पीडा लुकेको हुन्छ । बच्चा बिरामी हुँदा वा घरमा ठुलो समस्या पर्दा पनि उनीहरूले कर्तव्यलाई नै प्राथमिकतामा राख्नुपर्छ ।

'प्रहरी थाक्दैन' भन्ने भ्रम

समाजमा 'प्रहरी भएपछि थाक्नुहुँदैन' भन्ने गलत धारणा छ । तर, प्रहरी पनि हाडछालाले बनेको मानिस नै हो । उनीहरूलाई पनि आराम, पोषण, निद्रा र मानसिक शान्ति चाहिन्छ । घण्टौं सडकमा उभिएपछि शरीर दुख्नु, धुलो-धुवाँले श्वासप्रश्वासको समस्या हुनु र दुर्घटनाका दृश्यले मानसिक तनाव हुनु स्वाभाविक हो । त्यसैले ट्राफिक प्रहरीलाई पोसाक र सिटी मात्र दिएर पुग्दैन । उनीहरूका लागि नियमित स्वास्थ्य परीक्षण, पर्याप्त आराम, खानेपानी, शौचालय र मौसमअनुकूल सुरक्षा सामग्रीको व्यवस्था गर्नु राज्यको प्राथमिक दायित्व हुनुपर्छ ।

नियम पालना नै सम्मान

ट्राफिक व्यवस्थापन प्रहरीको एकल जिम्मेवारी मात्र होइन । सडकको क्षमता, पार्किङ व्यवस्थापन, सार्वजनिक यातायातको स्थिति, ट्राफिक बत्ती र चालकको अनुशासनजस्ता विषयले यसमा ठुलो भूमिका खेल्छन् । पूर्वाधारको कमीले हुने समस्याको दोष सडकमा उभिएको प्रहरीलाई मात्र दिनु जायज हुँदैन । नियम उल्लंघन गर्दा ट्राफिक प्रहरीले रोक्नु व्यक्तिगत दुस्मनी होइन, सडक सुरक्षाका लागि हो । प्रहरीलाई गाली गर्नु वा पहुँच देखाउनुभन्दा नियमको पालना गर्नु नै उनीहरूप्रतिको वास्तविक सम्मान हो । सडकमा खटिएको ट्राफिक प्रहरी केवल एउटा पोसाक मात्र होइन, कसैको छोरा, श्रीमान्, बुबा वा दाजुभाइ पनि हो । उसले बजाएको सिटीमा आदेश मात्र छैन, हाम्रै सुरक्षित यात्राको चिन्ता पनि छ ।

इतिहासको पाना

● सुनिल उलक

नेपालको पहिलो फेसन डिजाइनर डम्बरकुमारी

नेपालको आधुनिक पहिरन तथा फेसनको इतिहासमा राणाकाल, विशेष गरी १९औं शताब्दीको उत्तरार्ध (श्री ३ जंगबहादुर राणाको समय) महत्वपूर्ण कोसेढुंगा मानिन्छ । जंगबहादुरकी १२औं छोरी डम्बरकुमारीलाई प्रमाणका आधारमा नेपालको पहिलो फेसन डिजाइनरका रूपमा लिइन्छ ।

उनले बनारस दरबारमा बस्दा काठको ब्लकबाट कपडामा बुट्टा भर्ने (ब्लक प्रिन्ट) कला सिकेर नेपाल भित्र्याएकी थिइन् । नेपाल फर्केपछि उनले यही प्रविधि प्रयोग गरी बुट्टा भरेको कपडामा मलमलको खोल चढाएर जाडो थेग्ने 'डम्बरकुमारी खास्टो' तयार पारिन्, जुन आजसम्म सोही नामले प्रसिद्ध छ । साथै, उनले आफ्ना पिता जंगबहादुरलाई पहिराइदिएको टोपीको सुधारिएको रूप नै पछि नेपाली पहिचानको ढाका टोपी बन्यो ।

यस ऐतिहासिक खास्टोसँग १९९७ सालको सहिद प्रसंग पनि गाँसिएको छ । सहिद दशरथ चन्दलाई उनकी प्रेमिका जुलिया मैयाँ साहेब (कमान्डर इन चिफ रुद्रशमशेरकी छोरी)ले प्रेमको चिनोस्वरूप डम्बरकुमारीले खास्टो दिएकी थिइन् । वि.सं. १९९०मा रुद्रशमशेर पाल्पा धपाइएछि जुलियाको क्षयरोगबाट निधन भयो । तिनै प्रेमिकाको स्मृतिमा दशरथ चन्दले जीवनभर सोही खास्टो ओढे र शोभा भगवतीमा गोली हानिने अन्तिम क्षणसम्म पनि त्यही खास्टो साथै थियो ।

मल्लकालमा फारसबाट टोपी र कपडा सिलाउने कला भित्रियो । १९४२ पछि श्री ३ वीरशमशेरको पालामा भिक्टोरियन फेसन व्यापक बन्यो । तर, डम्बरकुमारीले मौलिक रूपमा भित्र्याएको काठको ब्लक प्रिन्ट, सुधारिएको टोपी र ऐतिहासिक खास्टो नै नेपाली फेसन इतिहासको सबैभन्दा विशिष्ट र कालजयी जग मानिन्छ ।

मध्यान्ह
www.madhyanhadaily.com

सिटिइभिटीका करार तथा मासिक ज्यालादारी कर्मचारी आन्दोलित, कार्यालय घेराउ

काठमाडौं/मस– श्रमको सम्मान, सेवामा समान व्यवहार र रोजगारीको सुनिश्चितता माग गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) मातहतका शिक्षालयमा कार्यरत करार, मासिक ज्यालादारी तथा दैनिक ज्यालादारी कर्मचारी आन्दोलनमा उत्रिएका छन् । आफ्ना माग सम्बोधन नभएको भन्दै आन्दोलनरत कर्मचारीले सोमबार सिटिइभिटीको केन्द्रीय कार्यालय घेराउ गरेका हुन् । पाँच सयभन्दा बढी कर्मचारी कार्यालयको मूल प्रवेशद्वारमा धर्ना दिँदै आफ्ना माग पूरा गर्न दबाब दिएका थिए ।

आन्दोलनकारीले यसअघि नै विभिन्न माग समेटिएको ज्ञापनपत्र सिटिइभिटी प्रशासनसमक्ष बुझाए पनि त्यसप्रति गम्भीरता नदेखाइएपछि कार्यालय घेराउ गर्नुपरेको संघर्ष समितिका संयोजक अमित पन्तले बताए । आन्दोलनरत कर्मचारीले लामो समयदेखि करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई उनीहरूको सेवा अवधि, योगदान र कामको प्रकृतिअनुसार समान व्यवहार नगरिएको गुनासो गरेका छन् ।

उनीहरूका अनुसार वर्षौंसम्म एउटै संस्थामा काम गरेका कर्मचारीलाई सेवाको स्थायित्व र सम्मान दिनुको साटो विभेदपूर्ण व्यवहार गरिएको छ । विशेषगरी लामो समयदेखि मासिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई दैनिक ज्यालादारीमा झार्ने निर्णयप्रति उनीहरूले आपत्ति जनाएका छन् । आन्दोलनकारीले एउटै प्रकृतिको काम गर्ने कर्मचारीलाई शिक्षालयअनुसार फरक-फरक व्यवहार गरिएको आरोप लगाएका छन् ।

नेपाल-भारत मैत्रीपूर्ण शिक्षालय, हेटौंडामा कार्यरत पाँच जना मासिक ज्यालादारी कर्मचारीलाई सोही पदमा निरन्तरता दिइएको उदाहरण दिँदै आन्दोलनकारीले अन्य शिक्षालयमा भने सोही प्रकृतिका कर्मचारीलाई दैनिक ज्यालादारीमा झारिएको भन्दै प्रश्न उठाएका छन् । साँघु शिक्षालयमा २४ वर्षदेखि कार्यरत रोशनराज मिश्रले एउटै संस्थामा काम गर्ने कर्मचारीबीच गरिएको यस्तो विभेद न्यायोचित नभएको बताए । 'नजिकलाई काखा र काम गर्नेलाई पाखा'को व्यवहार स्वीकार्य नहुने भन्दै उनले श्रमिक कर्मचारीको न्यायका लागि आफूहरू अन्तिमसम्म लडिरहने बताए । त्यस्तै, लामो समयदेखि करारमा कार्यरत प्रदीप श्रेष्ठले माग पूरा नभएसम्म आन्दोलनबाट पछि नहट्ने बताए । 'यो आन्दोलनले नतिजा नल्याएसम्म विश्राम लिँदैनौं,' उनले भने, 'सबै पक्षलाई विस्तारै आन्दोलनमा जोड्दै न्यायको लडाइँ जित्नेमा हामी विश्वस्त छौं ।'

मासिकबाट दैनिक ज्यालादारीमा झारिएको गुनासो

आन्दोलनकारीका अनुसार केही शिक्षालयमा लामो समयदेखि मासिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई सोही व्यवस्थाअन्तर्गत निरन्तरता दिइएको छ । तर महालक्ष्मीलगायतका केही शिक्षालयमा भने लामो समयदेखि काम गरिरहेका कर्मचारीलाई मासिक ज्यालादारीबाट दैनिक ज्यालादारीमा झारिएको उनीहरूको आरोप छ । बागमती प्रदेशको आन्दोलन हेर्ने जिम्मेवारी पाएका दिवेश पौडेलले वर्षौं काम गरेका कर्मचारीको रोजगारी नै प्रभावित हुने गरी गरिएको निर्णयप्रति असन्तुष्टि जनाए । उनले महालक्ष्मी शिक्षालयमा कार्यरत मासिक ज्यालादारी कर्मचारीलाई किन घटुवा शैलीमा व्यवहार गरियो भन्ने प्रश्न उठाए । 'यदि शिक्षालय प्रमुखले मासिक ज्यालादारी कर्मचारीलाई तल झारेका होइनन् भने अन्य शिक्षालयले त्यही पदमा कर्मचारीलाई कसरी निरन्तरता दिए?' उनले प्रश्न गरे । आफूहरूको रोजिरोटी नै प्रभावित भएपछि बाध्य भएर केन्द्रीय कार्यालयको मूल ढोकामा धर्ना दिन आएको उनको भनाइ छ । उनले बागमती प्रदेश कार्यालयदेखि गणेशमान, बनेपालगायतका स्थानमा समेत कर्मचारीलाई मासिक ज्यालादारीबाट दैनिक ज्यालादारीमा झार्ने काम भएको आरोप लगाए । गणेशमान शिक्षालयका प्रमुख पशुपति जोशीले आफ्ना कर्मचारीलाई न्याय दिन नसकेको आन्दोलनकारीको आरोप छ ।

'प्रशासनको दोहोरो चरित्रले आन्दोलन चर्किन्छ'

आन्दोलनकारीले सिटिइभिटी प्रशासनमाथि कर्मचारी व्यवस्थापनमा दोहोरो मापदण्ड अपनाएको आरोप लगाएका छन् । उच्च तहका कर्मचारी तथा नेतृत्वको संरक्षणमा रहेका मासिक ज्यालादारी कर्मचारीलाई निरन्तरता दिने तर लामो समयदेखि इमानदारीपूर्वक काम गरेका अन्य कर्मचारीलाई दैनिक ज्यालादारीमा झार्ने निर्णयको आधार सार्वजनिक गर्नुपर्ने उनीहरूको माग छ । 'एउटै संस्थाभित्र कसैलाई निरन्तरता र कसैलाई घटुवा शैलीको व्यवहार किन?' भन्दै उनीहरूले सिटिइभिटी प्रशासनसँग जवाफ मागेका छन् ।

संघर्ष समितिले कर्मचारीबीचको विभेद अन्त्य गर्नुपर्ने र सेवा तथा सुविधाका विषयमा स्पष्ट एवं समान नीति लागू गर्नुपर्ने माग गरेको छ ।

'किन विभेद ? कति समयसम्म विभेद? र यसको जिम्मेवारी कसले लिने?' भन्ने प्रश्नको जवाफ सिटिइभिटीका सदस्य-सचिव अनुज भट्टराईले दिनुपर्ने संघर्ष समितिको भनाइ छ । आन्दोलनरत कर्मचारीले शिक्षालय मर्ज गर्ने नाममा ७८ जना कर्मचारीको रोजगारी गुमेको आरोपसमेत लगाएका छन् । उनीहरूका अनुसार २० वर्षसम्म संस्थामा काम गरेका कर्मचारीलाई एकाएक रोजगारीविहीन बनाइएको छ । लामो समयसम्म संस्थाको सेवा गरेका कर्मचारीलाई कुनै वैकल्पिक व्यवस्था नगरी हटाइनु उनीहरू र उनीहरूको परिवारको भविष्यप्रति अन्याय भएको आन्दोलनकारीको दाबी छ । 'दुई दशकसम्म संस्थामा योगदान दिएका कर्मचारीलाई आज रोजगारीविहीन बनाउने अवस्था सिर्जना हुनु उच्च प्रशासनका लागि गम्भीर विषय हो,' आन्दोलनकारीले भनेका छन् । विद्यालय मर्ज तथा कर्मचारी व्यवस्थापनका नाममा रोजगारी गुमाएका कर्मचारीको समस्या तत्काल समाधान गर्नुपर्ने उनीहरूको माग छ ।

'संस्थाको छवि बनाउन श्रम गऱ्यौं, न्याय माग्दा कोही बोलेन'

आन्दोलनरत कर्मचारीले आफूहरूले वर्षौंसम्म न्यून सुविधा र अस्थायी प्रकृतिको सेवामा रहेर सिटिइभिटी तथा मातहतका शिक्षालयको सेवा प्रवाहमा योगदान गरेको बताएका छन् ।

संस्थाको छवि र सेवा प्रणाली बलियो बनाउन आफूहरूले निरन्तर श्रम गरे पनि आफूहरूमाथि अन्याय हुँदा सम्बन्धित निकाय, राजनीतिक नेतृत्व र सरोकारवाला पक्ष मौन बसेको उनीहरूको गुनासो छ ।

आफ्ना समस्या लिएर विभिन्न राजनीतिक दलका नेतृत्व, सत्तारुढ दलका सभापति तथा अन्य सरोकारवाला निकायसमक्ष समेत पुगेर न्यायका लागि पहल गरिदिन आग्रह गरेको आन्दोलनकारीले बताएका छन् ।

उनीहरूले श्रमको सम्मान, कर्मचारीबीच समान व्यवहार, रोजगारीको सुरक्षा तथा लामो समयदेखि सेवामा रहेका कर्मचारीको भविष्य सुनिश्चित गर्न माग गरेका छन् ।

आन्दोलन थप सशक्त बनाउने चेतावनी

सोमबारको घेराउ कार्यक्रम शान्तिपूर्ण रहेको संघर्ष समितिले जनाएको छ । तर आफ्ना माग तत्काल सम्बोधन नगरिए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी कर्मचारीले दिएका छन् । करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारी कर्मचारीको सेवा, सुविधा तथा रोजगारीका विषयमा समान नीति लागू गर्नुपर्ने उनीहरूको मुख्य माग छ ।

त्यस्तै, लामो समयदेखि सेवा गरेका कर्मचारीलाई विभेदपूर्ण ढंगले सेवा सुविधाबाट वञ्चित गर्न नहुने, मासिक ज्यालादारीबाट दैनिक ज्यालादारीमा झारिएका कर्मचारीको समस्या समाधान गर्नुपर्ने तथा शिक्षालय मर्जका नाममा रोजगारी गुमाएका कर्मचारीलाई पुनः व्यवस्थापन गर्नुपर्ने माग आन्दोलनकारीले अघि सारेका छन् ।

देवाही गोनाहीमा मेयरको पद रिक्त भए पनि सेवा प्रवाह नियमित

कृष्ण तिवारी/मध्यान्ह
रौतहट, २५ साउन

रौतहट देवाही गोनाही नगरपालिकाका नगरप्रमुख प्रेमलाल साह कानुको पद रिक्त भए पनि नगरपालिकाको दैनिक कामकाज तथा सेवा प्रवाहमा कुनै बाधा-अवरोध नआएको कार्यवाहक नगरप्रमुख प्रनिया देवी पटेलले बताएकी छन् ।

कार्यवाहक नगरप्रमुख पटेलका अनुसार नगरपालिकाबाट प्रदान हुँदै आएका सम्पूर्ण सेवा तथा सेवाग्राहीका कामहरू नियमित रूपमा सञ्चालन भइरहेका छन् । नगरप्रमुखको पद रिक्त रहे पनि त्यसले प्रशासनिक कामकाज तथा सेवा प्रवाहमा कुनै असर नपारेको उनले बताइन् ।

उनले सेवाग्राहीलाई आवश्यक सेवा सहज, छिटो र नियमित रूपमा उपलब्ध गराउन नगरपालिका प्रतिबद्ध रहेको बताउँदै नागरिकका समस्या तथा गुनासोलाई प्राथमिकताका साथ सम्बोधन गरिने स्पष्ट पारिन् ।

यसैबीच, देवाही गोनाही नगरपालिकाका नगरप्रमुख प्रेमलाल साह कानुको निर्वाचित पद रिक्त भएको छ । निर्वाचन आयोग, नेपालले नेकपा (एमाले) परित्याग गरेको भन्दै उनको निर्वाचित पद स्वतः रिक्त भएको निर्णय सार्वजनिक गरेको हो ।

निर्वाचन आयोगले गत शुक्रबार जारी गरेको सूचनाअनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र राजनीतिक दलसम्बन्धी नियमावली, २०७४ बमोजिम दल त्याग गर्ने जनप्रतिनिधिको निर्वाचित पद स्वतः रिक्त हुने कानुनी व्यवस्थाअनुसार साहको पद रिक्त गरिएको हो ।

आयोगका अनुसार एमाले केन्द्रीय सचिवालयले साहले पार्टीको विधानविपरीत गतिविधि गर्दै दल परित्याग गरेको निर्णयको प्रतिलिपि आयोगमा पठाएको थियो । सोही आधारमा आयोगले आवश्यक कानुनी प्रक्रिया पूरा गरी देवाही गोनाही नगरपालिकाको नगरप्रमुख पद रिक्त भएको निर्णय गरेको जनाएको छ ।

नगरप्रमुखको पद रिक्त भएपछि कार्यवाहक नगरप्रमुखको जिम्मेवारीमा रहेकी पटेलले भने नगरपालिकाको नियमित प्रशासनिक तथा सेवा प्रवाहका कामलाई निरन्तरता दिइरहेको बताएकी छन् ।

अनलाइन ठगी : बिहेको प्रलोभनले गुम्यो ३१ लाख

कास्की/मस– प्रविधिको विकाससँगै पछिल्लो समय अनलाइन ठगी (साइबर क्राइम) का नयाँ र जटिल रूपहरू सतहमा आउन थालेका छन् । सामाजिक सञ्जालमार्फत हुने यस्ता ठगीको एउटा भयावह उदाहरण हालै कास्कीमा देखिएको छ, जहाँ एक महिलाले अपरिचित व्यक्तिको प्रलोभनमा परेर ३१ लाख रुपैयाँ गुमाउनु परेको छ । जिल्ला प्रहरी कार्यालय कास्कीकाअनुसार ती महिलाको ठगीको कथा फेसबुकबाट सुरु भएको थियो । बेलायतको कोड भएको ह्वाट्सएप नम्बर प्रयोग गर्ने एक व्यक्तिले आफू अविवाहित रहेको र बेलायतमा अथाह सम्पत्ति रहेको भन्दै उनीसँग मित्रता गाँसेका थिए । कुराकानीकै क्रममा ती व्यक्तिले आफू बेलायतको सम्पूर्ण सम्पत्ति बेचेर नेपाल आउन लागेको र नेपालमै घरजग्गा किनेर उनीसँगै जीवन बिताउने आश्वासन दिएका थिए ।

महिलालाई विश्वस्त तुल्याउन ती व्यक्तिले विमानस्थलका भिडियोहरू पठाउने र भिडियो कल गर्ने समेत गरेका थिए । केही समयपछि उनले आफू भारतको बाटो हुँदै नेपाल आउन लागेको जानकारी दिए । लगत्तै, भारतीय प्रहरीको पोसाक लगाएको प्रोफाइल तस्बिर भएको ह्वाट्सएप नम्बरबाट ती महिलालाई फोन आयो । फोनमा भनिएको थियो, 'तपाईंको साथी ठुलो परिमाणको नगद र सम्पतीसहित समातिएका छन्, उनलाई छुटाउन भन्सार र जरिवाना बापत रकम तिर्नुपर्छ ।'

आफ्नो भावी श्रीमान ठानिएका व्यक्ति समस्यामा परेको ठानेर ती महिलाले शुरुमा पटक-पटक गरी ९ लाख रुपैयाँ पठाइन् । यति रकम पठाएपछि आफू ठगिएको आशंकामा उनी जिल्ला प्रहरी कार्यालय कास्की पुगिन् । प्रहरीले अनुसन्धान गरी यो स्पष्ट रूपमा ठगी भएको र अब थप एक रुपैयाँ पनि नपठाउन उनलाई सचेत गरायो । तर ठगको मनोवैज्ञानिक प्रभाव यति बलियो थियो कि प्रहरीको चेतावनीका बाबजुद ती महिलाले पुनः २२ लाख रुपैयाँ पठाइन् । प्रहरीकाअनुसार ती व्यक्तिले 'म अब निस्कन लागें, बाँकी २२ लाख दिएपछि सबै सम्पती लिएर तिमीकहाँ आउँछु' भनी भावनात्मक ब्ल्याकमेल गरेका थिए ।

अन्ततः ३१ लाख रुपैयाँ गुमाएपछि र भारतीय प्रहरीसँगको समन्वयमा उक्त व्यक्ति अपराधी भएको पुष्टि भएपछि मात्र ती महिलाले आफू ठगिएको यथार्थ स्वीकार गरिन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी वीरेन्द्र पासवानकाअनुसार यो घटना एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो । अहिले बजारमा ठगीका अनेकौं शैलीहरू सक्रिय छन् । फेसबुक र टिकटकमा सस्तो सामानको विज्ञापन राख्ने, अर्डर गरेपछि 'पैसा आएन' भन्दै स्क्रिन सेयर गर्न लगाउने र मोबाइलमा आएको ओटीपीमार्फत बैंक खाताबाट पैसा उडाउने गरिएको छ ।

नजिकका साथी वा आफन्तको फेसबुक र ह्वाट्सएप ह्याक गरी 'म संकटमा छु, तुरुन्तै पैसा पठाइदेऊ' भन्दै म्यासेज गरेर पैसा असुल्ने गरिएको छ । आकर्षक देशहरूको लोभ देखाएर नक्कली कागजात बनाउने र प्रोसेसिङका नाममा मोटो रकम ठग्ने गिरोह उत्तिकै सक्रिय छ । बैंक वा ई-सेवा, खल्ती जस्ता संस्थाको कर्मचारी बनेर केवाईसी अपडेट गर्ने बहानामा ओटीपी माग्ने र खाताबाट रकम स्थानान्तरण गर्ने प्रवृत्ति पनि बढेको छ । शुरुमा सानो रकमको दोब्बर फिर्ता दिएर विश्वास जित्ने र पछि लाखौं रुपैयाँ लिएर सम्पर्कविहीन हुने 'अनलाइन बेटिङ' र नक्कली लगानीका स्किमहरू पनि सक्रिय छन् ।

सूचना अधिकारी पासवानले अनलाइन ठगीबाट बच्न विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । 'कुनैपनि अपरिचित व्यक्तिले सामाजिक सञ्जालमा दिएको प्रलोभनमा नपर्नुस् । थोरै लगानीमा धेरै नाफा वा महँगो सामान सस्तोमा पाउने आश्वासन ठगीको पहिलो संकेत हो,' उनले भने ।

गरिमा सुवर्ण योजना (Garima Subarna Yojana) का इकाईहरूको नियमित बिक्री, पुनर्खरिद तथा अनलाइन दर्ता एवं कारोबार प्रणाली सञ्चालन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३/०४/२६)

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भई गरिमा विकास बैंक लिमिटेडको प्रवर्द्धन तथा गरिमा क्यापिटल लिमिटेडको व्यवस्थापनमा सञ्चालित सामूहिक लगानी कोष "गरिमा म्युचुअल फण्ड" अन्तर्गतको पहिलो खुलामुखी योजना "गरिमा सुवर्ण योजना (Garima Subarna Yojana) मा सहभागी हुन इच्छुक लगानीकर्ताहरूलाई सहज, सुरक्षित तथा प्रविधिमैत्री सेवा उपलब्ध गराउने उद्देश्यले मिति २०८३ साल श्रावण २६ गते मङ्गलबारदेखि योजनाका इकाईहरूको नियमित बिक्री, पुनर्खरिद तथा अनलाइन दर्ता एवं कारोबार प्रणाली सञ्चालनमा ल्याइएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अनलाइन प्रणालीमार्फत उपलब्ध हुने सुविधाहरू :

१. इकाई खरिदका लागि आवेदन तथा रकम भुक्तानी (Lump–sum Investment and Payment)
२. व्यवस्थित लगानी योजना दर्ता (Systematic Investment Plan – SIP Registration)
३. व्यवस्थित लगानी योजनाको किस्ता भुक्तानी (SIP Installment Payment)
४. लाभांश पुनः लगानी योजना दर्ता (Dividend Reinvestment Plan – DRIP Registration)
५. प्रणालीको दर्ता, लगइन तथा प्रोफाइल व्यवस्थापन (Registration, Login and Profile Management)
६. इकाई पुनर्खरिद, SIP संशोधन तथा SIP रद्द (Unit Redemption, SIP Amendment and Cancellation)

साथै, माथि उल्लिखित सुविधाहरू बाहेकका अन्य अनलाइन सुविधाहरू क्रमशः थप गरिँदै लगिनेछन् । योजनासँग सम्बन्धित सम्पूर्ण सेवाहरू कमलपोखरी, काठमाडौं स्थित योजना व्यवस्थापक गरिमा क्यापिटल लिमिटेडको कार्यालय तथा गरिमा विकास बैंक लिमिटेडका देशभर फैलिएका शाखा कार्यालयहरूमा उपस्थित भई समेत प्राप्त गर्न सकिने व्यवस्था रहेको बेहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

योजनाको अनलाइन दर्ता तथा कारोबार प्रणाली प्रयोग गर्नका लागि लिङ्क :

https://gsym.garimacapital.com

वा, www.garimacapital.com **तथा** www.garimabank.com.np **मा रहेको लिङ्कमार्फत समेत प्रयोग गर्न सकिनेछ ।**

थप जानकारीका लागि कार्यालयको ल्याण्डलाईन नं. ०१-५९७०१७५, ४५२९१४९/५० मा वा इमेल gsym. mutualfund@garimacapital.com मार्फत सम्पर्क गर्न सकिनेछ ।

पुनश्चः योजनाका इकाईहरूको खरिद तथा बिक्री Cut–off समयानुसार निर्धारित हुने खुद सम्पत्ति मूल्य (NAV) को आधारमा हुनेछ । लगानी गर्नुअघि योजनाको स्वीकृत विवरणपत्र अनिवार्य रूपमा अध्ययन गर्नुहुन अनुरोध छ। सामूहिक लगानी कोषमा गरिने लगानी बजार जोखिममा आधारित छ ।

कोष प्रवर्द्धक
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

योजना व्यवस्थापक
गरिमा क्यापिटल लिमिटेड
Garima Capital Limited

- info@garimacapital.com
- gsym.mutualfund@garimacapital.com
- www.garimacapital.com
- +977-015970175, 014529149/50
- Kamalpokhari, Kathmandu, Nepal

कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०४/२६

यस कम्पनीको मिति २०८३।०३।२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **प्रदेश सञ्चार प्रा.लि. (दर्ता नं. २४०२५७)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **स्टार कन्सर्न प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

गौँथलीको कमाइ २० करोडनजिक

काठमाडौं/मस– नेपाली चलचित्र 'गौँथली'ले प्रदर्शनको चौथो सातासम्म पनि बक्स अफिसमा आफ्नो आक्रामक व्यापारलाई निरन्तरता दिएको छ । साउन १ गतेदेखि प्रदर्शनमा आएको चलचित्रले २४ दिनमै १९ करोड ७१ लाख रुपैयाँभन्दा बढी ग्रस कलेक्सन गर्दै यस वर्षकै सर्वाधिक कमाउने नेपाली चलचित्रको कीर्तिमान बनाएको छ ।

चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको सिनेपाः बक्स अफिसको तथ्यांकअनुसार 'गौँथली'ले आइतबार (२४ साउन)सम्म १९ करोड ७१ लाख रुपैयाँभन्दा बढी ग्रस कलेक्सन गरेको हो । यसअघि आइतबार दिउँसोसम्म फिल्मले १९ करोड ४५ लाख रुपैयाँ ग्रस कमाएको र नेट कलेक्सन १७ करोड रुपैयाँ पुगेको जनाइएको थियो ।

करिब २ करोड ७५ लाख रुपैयाँको लगानीमा निर्माण भएको चलचित्रले लगानीको तुलनामा असाधारण व्यापार गरिरहेको छ । प्रदर्शनको चौथो सातासम्म आइपुग्दा पनि हलमा दर्शकको चाप कम नहुनु र अधिकांश शोमा राम्रो अकुपेन्सी कायम रहनुले चलचित्रको व्यावसायिक सफलता थप बलियो बनेको छ ।

'गौँथली'ले अब नेपाली चलचित्रको बक्स अफिसमा तेस्रो स्थानमा रहेको '१२ गाउँ'लाई उछिन्ने तयारी गरेको छ । '१२ गाउँ'ले १९ करोड ९२ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको थियो । 'गौँथली'को पछिल्लो व्यापारिक गति हेर्दा सोमबार साँझसम्म वा त्यसको आसपासमा उक्त रेकर्ड तोडिने सम्भावना देखिएको छ ।

'१२ गाउँ'लाई उछिनेपछि 'गौँथली'को अर्को लक्ष्य 'कबड्डी ४' बन्नेछ । 'कबड्डी ४'ले २१ करोड ४० लाख रुपैयाँ ग्रस कमाउँदै नेपाली चलचित्रको बक्स अफिसमा दोस्रो स्थान बनाएको छ । हाल सर्वाधिक कमाउने नेपाली चलचित्रको सूचीमा 'पूर्णबहादुरको सारङ्गी' पहिलो स्थानमा छ ।

चलचित्रको व्यापारिक रफ्तार यस्तै कायम रहे 'गौँथली'ले 'कबड्डी ४'को रेकर्ड पनि तोड्ने सम्भावना बलियो देखिएको छ । त्यसपछि फिल्मले सर्वाधिक कमाउने नेपाली चलचित्रको दोस्रो स्थानका लागि प्रतिस्पर्धा गर्नेछ ।

'गौँथली'ले प्रदर्शनको चौथो सातामा प्रवेश गरेपछि पनि व्यापारमा उल्लेख्य गिरावट आउन दिएको छैन । गत शनिबार मात्रै चलचित्रले डेढ करोड रुपैयाँभन्दा बढीको व्यापार गरेको थियो । आइतबार पनि यसको व्यापार ४० लाख रुपैयाँभन्दा माथि रहेको बताइएको छ ।

सामान्यतः प्रदर्शनको तेस्रो तथा चौथो सातामा पुग्दा अधिकांश चलचित्रको व्यापारमा उल्लेख्य कमी आउने गर्छ । तर 'गौँथली'को हकमा भने त्यसको विपरीत अवस्था देखिएको छ । नयाँ चलचित्रहरू प्रदर्शनमा आए पनि दर्शकको रोजाइमा 'गौँथली' कायम रहनुले यसको 'वर्ड अफ माउथ' बलियो रहेको संकेत गरेको छ । विशेषगरी महिला दर्शकको उपस्थिति चलचित्रका विभिन्न शोमा उल्लेख्य देखिएको निर्माण पक्षको भनाइ छ । परिवार र सम्बन्धलाई केन्द्रमा राखिएको कथा भएकाले चलचित्रले पारिवारिक दर्शकलाई हलसम्म तान्न सफल भएको देखिन्छ ।

'गौँथली'को अहिलेको व्यापारिक गति र दर्शकको प्रतिक्रियाले चलचित्रले ५१ दिनको यात्रा तय गर्ने सम्भावना पनि बढेको छ । प्रदर्शनमा आएको चौथो सातासम्म पनि अधिकांश शोमा दर्शकको उपस्थिति राम्रो हुनु र कतिपय शो हाउसफुल हुनु यसको बलियो पक्ष बनेको छ ।

निर्देशक डा. कपिल रिजालले दर्शकबाट प्राप्त भइरहेको प्रतिक्रियाका कारण चलचित्रले ५१ दिन मनाउने विश्वास व्यक्त गरेका छन् । 'हलमा आएपछि सिनेमा हाम्रो रहँदैन, दर्शकको हुन्छ । दर्शकले मन पराइरहनुभएको छ । आफूले हेरेपछि आफ्ना आफन्त र छिमेकीलाई पनि हेरिदिनुस् भनेर भनिरहनुभएको छ,' निर्देशक रिजालले भनेका छन्, 'अहिलेसम्मको माया र प्रतिक्रिया हेर्दा ५१औं दिनको सेलिब्रेसन 'गौँथली'ले गर्छ भन्ने लागेको छ ।'

उनका अनुसार चलचित्रको 'वर्ड अफ माउथ' राम्रो भएकाले अफ डेमा समेत राम्रो अकुपेन्सी देखिएको छ । दर्शकले चलचित्र हेरेपछि अन्यलाई पनि सिफारिस गर्ने क्रम बढेकाले यसको व्यापार लामो समयसम्म कायम रहने निर्माण पक्षको विश्वास छ ।

चलचित्रको प्रदर्शनसँगै केही ठुला विदेशी चलचित्रका सो घट्दै जाँदा 'गौँथली'का सो थपिनु पनि यसको व्यापारिक सफलताको अर्को संकेत बनेको छ । नयाँ रिलिज भएका चलचित्रको तुलनामा दर्शकले 'गौँथली'लाई प्राथमिकता दिनुले यसको प्रदर्शन यात्रा अझै लामो हुन सक्ने देखिएको छ । नेपालमा मात्र नभई 'गौँथली'ले विदेशमा समेत राम्रो व्यापार गरिरहेको निर्माता सुमन गिरीले बताएका छन् ।

निर्माता गिरीका अनुसार चलचित्रले अमेरिकामा २ लाख अमेरिकी डलर, अस्ट्रेलियामा १ लाख अस्ट्रेलियन डलर तथा दुबईमा ५० हजार दिराम कमाइसकेको छ । डेनमार्क र माल्टालगायतका देशमा पनि चलचित्रले २० हजार युरोभन्दा बढी कमाइ गरेको उनले जानकारी दिएका छन् ।

क्यानडामा भने चलचित्र आगामी सातादेखि प्रदर्शनमा ल्याउने तयारी भइरहेको निर्माण पक्षले जनाएको छ । विदेशमा नेपाली चलचित्रको बजार विस्तार भइरहेको समयमा 'गौँथली'ले विभिन्न देशमा पाएको प्रतिक्रिया र व्यापारलाई निर्माण पक्षले उत्साहजनक उपलब्धिका रूपमा लिएको छ ।

'चिरञ्जीवी भवः'को छायांकन सकियो

काठमाडौं/मस– निर्देशक दीपकप्रसाद आचार्यको आगामी फिल्म 'चिरञ्जीवी भवः'को छायांकन सम्पन्न भएको छ । जेठ १५ गतेदेखि सुरु भएको फिल्मको छायांकन ५१ दिनमा पूरा गरिएको निर्माण पक्षले जनाएको छ ।

जिग्री इन्टरटेनमेन्ट र प्रिमियर प्रोडक्सनको प्रस्तुतिमा निर्माण भइरहेको फिल्मको छायांकन पूर्वी नेपालको धनकुटा, सुनसरी सहित काठमाडौंमा गरिएको हो । सामाजिक विषयवस्तुमा आधारित 'चिरञ्जीवी भवः'लाई दुई पुस्ताबीचको वैचारिक भिन्नता र उनीहरूबीचको सम्बन्धको कथामा केन्द्रित गरिएको निर्माण पक्षले जनाएको छ ।

आचार्यका लागि यो 'परान'पछि दोस्रो निर्देशकीय फिचर फिल्म हो । गत वर्षको सर्वाधिक ग्रस कलेक्सन गर्ने नेपाली फिल्म बनेको 'परान'पछि आचार्यको नयाँ फिल्म भएकाले 'चिरञ्जीवी भवः'प्रति दर्शकको चासो पनि बढेको छ । फिल्मको छायांकन सम्पन्न भएपछि निर्देशक आचार्यले निर्माणका क्रममा कलाकार तथा प्राविधिक टोलीले गरेको मेहनतप्रति सन्तुष्टि व्यक्त गरेका छन् । उनले अब पोस्ट-प्रोडक्सनको कामलाई पनि उत्तिकै प्राथमिकताका साथ अघि बढाउने बताए । कुमार कट्टेल 'जिग्री ब्रो'को कथामा आधारित फिल्मको लेखन सविन अधिकारी र वसन्त न्यौपानेले गरेका छन् । फिल्ममा हरिवंश आचार्य, करिश्मा मानन्धर, आशीर्वाद क्षेत्री र प्रशंसा रायमाझी मुख्य भूमिकामा छन् ।

यस्तै कमलमणि नेपाल, रविन्द्र झा, सुमन कार्की, काजल कर्ण, सुवर्ण थापा, सरोज अर्याल, हरिश निरौला 'कक्रोज', गीता अधिकारी, रुक्मिला अधिकारी, सुस्मिता कुँवर, अशोक धिताल र सुमनज्योति न्यौपानेलगायत कलाकारको पनि अभिनय रहेको छ ।

उमेशकुमार बराल र चिरन केसी निर्माता रहेको फिल्मका गजित विष्ट र शैलेश खत्री कार्यकारी निर्माता हुन् । शिवराम श्रेष्ठले छायांकन तथा मित्र डी. गुरुङले सम्पादनको जिम्मेवारी सम्हालेका छन् । निर्माण पक्षका अनुसार 'चिरञ्जीवी भवः' आगामी माघ १ गते अर्थात् जनवरी १५ देखि देशभरका हलमा प्रदर्शनमा आउनेछ । फिल्मको देशव्यापी वितरणको जिम्मेवारी आरआर फिल्मस्का रोहित कट्टेल र रत्न श्रेष्ठले सम्हाल्नेछन् ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

गैर बैंकिङ्ग सम्पत्ति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति : २०८३/०४/२६ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस ग्लोबल आइएमई बैंकको स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली विभाग वा बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन यसै सूचनाद्वारा आव्हान गरिन्छ । यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । सो तोकिएको दिन विदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ । प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ । बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ । साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ । उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला ।

तपसिल

टिकापुर शाखा, कैलाली

बिक्री गरिने सम्पत्तिको विवरण (घर/जग्गाको विवरण)	थप विवरणका लागी
मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता कायम रहेको:	
१. कैलाली जिल्ला, जानकीनगर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. ४०८ र ३९५ को क्षेत्रफल क्रमशः ०-१०-१७-२ र २-५-५-० विगहा वा ३६८२.५७ र १५३२३.४४ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	
२. कैलाली जिल्ला, मनिकापुर गा.वि.स/न.पा. वडा नं. ८ स्थित कित्ता नं. ८३० को क्षेत्रफल १२७०.५२ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । ३. कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ छ स्थित कित्ता नं. १५७ को क्षेत्रफल ८४.०० व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । ४. कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ ढ स्थित कित्ता नं. ८०१ को क्षेत्रफल १३३.०५ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

बोलपत्र पेश गर्ने अन्तिम मिति र समयः २०८३ भाद्र १ गते सोमबार (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति र समय : २०८३ भाद्र २ गते मंगलबार दिनको ३ बजे
बोलपत्र खोलिने स्थानः ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८३/०४/२६

मिति २०८३/०४/०८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम सावित कम्पनी **एम.के. रेंटल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा सावित नाम परिवर्तन गरी **एम.के. होल्डिङ्गस् प्रा. लि (प्रा. लि. नं.: ३८५८५३)** कायम गर्ने गरी मिति २०८३/०४/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०४८/०४/१३ मा दर्ता भएको **प्रा.लि.नं. ४६४४** को **समृद्धी प्लास्टिक इण्डष्ट्रिज प्रा. लि.** को मिति २०८३/०३/३२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगानाः का.म.न.पा.-५, काठमाण्डौ
सम्पर्कः ५८६३५४२२५०

युएईमा रोजगार कम्पनीः **EMARAT ALOULA CONTRACTING CO - SOLE PROPRIETORSHIP L.L.C.** पूर्व स्वीकृत मितिः २०८३/०४/२५ शहरः **UAE** चलानी नं.: ६०२५४५४३ **LT. No.: 346371**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A CLEANER	60	0	स. कामना दक्ष	1000	४१,३५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा श०८३ भदौ २ गते (18 August 2026) **मा हुनेछ ।**

स्वदेशमा गर्ने मेडिकलको शुल्क व्यहोर्ने र कति तान्ने	विदेशमा गर्ने मेडिकलको खर्च व्यहोर्ने	स्वदेशमा गरिने भ्याई जीवन बिमा कस्ले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/भुले र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ्ग शुल्क कस्ले व्यहोर्ने	अभिसुचीकरण शुल्क कति तान्ने र कस्ले व्यहोर्ने	कसाधकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २,४८६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	नि.शुल्क

PRO JOB SOLUTION PVT. LTD.
Kathmandu Metropolitan City - 9, Gaushala Contact No: 9709419270 (Hum Kant Parajuli)
E-mail: projobsolutionpvtltd61@gmail.com

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ फोन नं.: ०१-४५२३४३२/३४/३६ | शाखा कार्यालय : कपुरधारा, काठमाण्डौ फोन नं. : ०१-४९७०५५३/५४/५६ | शाखा कार्यालयः न्यूरोड पोखरा, कास्की फोन नं. ०६१-५७६३४७/४८ | शाखा कार्यालयः दमौली, तनहुँ फोन नं. ०६५-५६३४३३/३३५

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी ७ (सात) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०४/२६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा,साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना बिभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : कपुरधारा, काठमाण्डौ

१. ऋणीको विवरण

केशर बहादुर कार्कीको बुहारी, सिताराम कार्कीको पत्नी, सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भएको दिपा कार्की (ना.प्र.प.नं. २४-०१-७३-०१३६९, सिन्धुपाल्चोक)

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. खिल बहादुर कार्कीको नाति, केशर बहादुर कार्कीको छोरा, सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स. वडा नं. २, स्थित स्थायी ठेगाना भएको सिताराम कार्की (ना.प्र.प.नं. १०१२२७, सिन्धुपाल्चोक)
२. केशर बहादुर कार्कीको नातिनी, सिताराम कार्कीको छोरी, सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको श्रेया कार्की (ना.प्र.प.नं. २४-०१-८१-०१४७६, सिन्धुपाल्चोक)

धितोमा रहेको सम्पत्तिको विवरण

दिपा काकीकौको नाममा भुमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला, सुडाल गा.वि.स/न.पा. वडा नं. ३ स्थित कित्ता नं. १२६१ को क्षेत्रफल १५१.०१ (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

२. ऋणीको विवरण

गोथे गुरुङको नाति, विर बहादुर गुरुङको छोरा, रसुवा जिल्ला, उत्तरगया गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको नविन गुरुङ (ना.प्र.प.नं. २३१०११/६५५, रसुवा)

व्यक्तिगत जमानतकर्ताको विवरण

गोथे गुरुङको बुहारी, विर बहादुर गुरुङको पत्नी, रसुवा जिल्ला, उत्तरगया गा.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको निल कुमारी गुरुङ (ना.प्र.प.नं. २३-०१-७४-०१६१८, रसुवा)

धितोमा रहेको सम्पत्तिको विवरण

नविन गुरुङको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाडौं जिल्ला, इचंगुनारायण गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं.३१ को क्षेत्रफल ५७८.०० (व.मि) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

शाखा कार्यालयः न्यूरोड पोखरा, कास्की

ऋणीको विवरण

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/१३ मा दर्ता नं. २१९८५१/०७६/०७७ कायम भई दर्ता भएको तनहुँ जिल्ला व्यास न.पा वडा नं. ५, धारादी स्थित उज्यालो आरामा कृषि फर्म प्रा.लि.

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. पदम सिं थापाको नाति, छक बहादुर थापाको छोरा, तनहुँ जिल्ला, भगवतिपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको किरण थापा (ना.प्र.प.नं. ४३१००६/५२७, तनहुँ)
२. पदम सिं थापाको नाति, छक बहादुर थापाको छोरा, तनहुँ जिल्ला, भगवतिपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको सुमन थापा (ना.प्र.प.नं. ५७९३५, तनहुँ)
३. पहल सिं थापाको नाति, पदम सिं थापाको छोरा, तनहुँ जिल्ला, भगवतिपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको छक बहादुर थापा (ना.प्र.प.नं. २९३७, तनहुँ)
४. पदम सिं थापाको बुहारी, छक बहादुर थापाको पत्नी, तनहुँ जिल्ला, भगवतिपुर गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको च्यामसी थापा (ना.प्र.प.नं. ७६९, तनहुँ)
५. छक बहादुर थापाको बुहारी, सुमन थापाको पत्नी, तनहुँ जिल्ला, घाँसीकुवा गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको शर्मिला थापा (ना.प्र.प.नं. ३१०२७/१२५७९८, तनहुँ)

धितोमा रहको सम्पत्तिको विवरण

१. च्यामसी थापाको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, गुणादी गा.वि.स./न.पा वडा नं ४ स्थित कित्ता नं. ४२७, ४७५, ६२७, ४२६, ४७६, ४२४, ४७४, ४९० र ४२३ को क्रमशः क्षेत्रफल ०-६-१-०, ०-७-२-३, ०-१४-१-१, ०-९-१-२, ०-६-१-०, २-२-२-१, ०-४-२-३, ०-१२-२-०, १-७-३-२ र ३-८-२-१ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. च्यामसी थापाको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, गुणादी गा.वि.स./न.पा. वडा नं २ स्थित कित्ता नं. ११३४ को क्षेत्रफल ०-३-०-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. शर्मिला थापाको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता श्रेस्ता कायम रहेको तनहुँ जिल्ला, कुर्लुङ गा.वि.स/न.पा. वडा नं ५ स्थित किता नं. ३५३ र ७ को क्रमशः क्षेत्रफल १-१३-२-० र २-२-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. यस बैंकको हितमा गरिएको मौज्दात (Stock) को हाइपोथिकेशन तथा चल / अचल सम्पत्ति र अमुर्त सम्पत्ति माथीको हक समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८३/०४/२६ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कपुरधारा, काठमाण्डौ, न्यूरोड पोखरा, कास्की र दमौली, तनहुँबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा रहिरहेको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८३/०५/०१ गते सोमबार कार्यालय समय भित्र शाखा कार्यालय कपुरधारा, काठमाण्डौको धितोमा रहेको सम्पत्तिको हकमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ र शाखा कार्यालय न्यूरोड पोखरा, कास्कीको धितोमा रहेको सम्पत्तिको हकमा शाखा कार्यालय दमौली, तनहुँमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८३/०५/०२ गते मंगलबार दिउँसो ४:०० बजे शर्त नं. ५ मा उल्लेख भए अनुसारको शिलबन्दी बोलपत्र दर्ता भएको यस बैंकको सम्बन्धित कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु कपुरधारा, काठमाण्डौ, न्यूरोड पोखरा, कास्की र दमौली, तनहुँमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

४ वर्षपछि सन्दीपको कप्तानी

नेपाल क्रिकेट संघ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टोलीको एकदिवसीय (ओडिआई) कप्तान परिवर्तन गर्दै स्पिनर सन्दीप लामिछानेलाई नयाँ कप्तान नियुक्त गरेको छ। क्यानले नियमित कप्तान रोहितकुमार पौडेललाई जिम्मेवारीबाट हटाउँदै सन्दीपलाई ओडिआई टोलीको नेतृत्व सुम्पिएको हो । सन्दीपले करिब चार वर्षपछि नेपाली राष्ट्रिय टोलीको कप्तानीमा पुनरागमन गरेका हुन् । यसअघि उनी नेपाली टोलीका कप्तान थिए । तर, उनीमाथि बलात्कार मुद्दा लागेपछि कप्तानीको जिम्मेवारीबाट हटाइएको थियो । उक्त मुद्दामा सन्दीपले अदालतबाट सफाइ पाइसकेका छन् ।

सन् २०२१ मा पहिलो पटक नेपाली राष्ट्रिय टोलीको कप्तानी सम्हालेका सन्दीपले त्यसपछि टोलीको नेतृत्वबाट बाहिरिनुपरेको थियो। कानुनी विवादका कारण उनको क्रिकेट करियरसमेत प्रभावित भएको थियो ।

बलात्कार मुद्दामा सफाइ पाएपछि उनी राष्ट्रिय टोलीमा पुनः फर्किएका थिए। खेलाडीका रूपमा राष्ट्रिय टोलीमा निरन्तरता पाउँदै आएका सन्दीपलाई क्यानले अहिले नेतृत्वको जिम्मेवारीसमेत दिएको हो ।

क्यानले मलेसियामा आयोजना हुने एसिसी पुरुष प्रिमियर कपका लागि सन्दीपको कप्तानीमा १४ सदस्यीय नेपाली ओडिआई टोलीसमेत घोषणा गरेको छ। प्रिमियर कप एकदिवसीय फर्म्याटमा आयोजना हुँदैछ र यो प्रतियोगिता आगामी एसिया कपको छनोटका रूपमा समेत रहेको छ। सन्दीपले प्रिमियर कपबाटै नेपाली ओडिआई टोलीको नेतृत्व सम्हाल्नेछन् ।

सन्दीपको कप्तानीमा पुनरागमन भएसँगै रोहित पौडेलको नेपाली ओडिआई टोलीको कप्तानी यात्रा टुंगिएको छ । रोहितले २०७९ कात्तिकमा सन्दीपकै स्थान लिँदै नेपाली राष्ट्रिय टोलीको कप्तानी सम्हालेका थिए । सन्दीपमाथि लागेको बलात्कार मुद्दाका कारण उनी टोलीको नेतृत्वबाट बाहिरिएपछि रोहितलाई कप्तानीको जिम्मेवारी दिइएको थियो । त्यसयता रोहितले लामो समय नेपाली टोलीको नेतृत्व गर्दै आएका थिए।

तर पछिल्लो समय नेपाली टोलीको प्रदर्शन अपेक्षाअनुसार हुन नसकेपछि क्यानले नेतृत्व परिवर्तनको निर्णय गरेको हो। विशेषगरी आइसिसी विश्वकप लिग-२ अन्तर्गतका पछिल्ला सिरिजमा नेपालको प्रदर्शन कमजोर बनेपछि टोलीको नेतृत्व परिवर्तन गर्नुपर्ने दबाब बढेको थियो ।

रोहितले ओडिआईसँगै केही महिनाअघि नेपाली टी-२० टोलीको कप्तानीसमेत गुमाइसकेका छन्। क्यानले टी-२० टोलीको कप्तानमा दीपेन्द्रसिंह ऐरीलाई नियुक्त गरिसकेको छ । अब ओडिआई टोलीको नेतृत्व पनि परिवर्तन भएपछि रोहित दुवै फर्म्याटको कप्तानीबाट बाहिरिएका छन् ।

प्रिमियर कपका लागि टोलीमा व्यापक परिवर्तन

क्यानले सन्दीपको कप्तानीमा घोषणा गरेको ओडिआई टोलीमा केही महत्वपूर्ण परिवर्तनसमेत गरेको छ। नियमित रूपमा राष्ट्रिय टोलीमा रहँदै आएका केही खेलाडी यसपटक टोलीमा परेका छैनन् भने केही खेलाडीले पुनरागमन गरेका छन् ।

टोलीमा ओपनर कुशल भुर्तेल र अनुभवी अलराउन्डर सोमपाल कामी छैनन्। यस्तै आरिफ शेख पनि यसपटकको ओडिआई टोलीमा अटाएका छैनन्। नन्दन यादव पनि टोलीबाट बाहिर छन् । उनी चोटका कारण टोलीमा नरहेको जनाइएको छ। यसको विपरीत देव खनाल र बसिर अहमदले राष्ट्रिय ओडिआई टोलीमा पुनरागमन गरेका छन् । सन्दीप जोरा र शेर मल्लले पनि टोलीमा स्थान बनाएका छन् । क्यानले नयाँ कप्तानसँगै टोलीको संयोजनमा समेत परिवर्तन गरेको देखिएको छ। युवा र अनुभवी खेलाडीलाई मिश्रण गर्दै आगामी प्रतियोगिताका लागि टोली तयार पारिएको छ ।

प्रिमियर कपका लागि घोषणा गरिएको १४ सदस्यीय नेपाली टोलीमा कप्तान सन्दीपसँगै आसिफ शेख, अर्जुन कुमाल, रोहितकुमार पौडेल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, बसिर अहमद, इशान पाण्डे, गुल्सन झा, शेर मल्ल, ललित राजवंशी, करण केसी र हेमन्त थामी रहेका छन् ।

रोहित पौडेल कप्तानीबाट हटाइए पनि खेलाडीका रूपमा भने टोलीमा यथावत् छन् । यसअघि नेपाली टोलीको नेतृत्व गरिसकेका रोहितले अब सन्दीपको कप्तानीमा खेल्नेछन् ।

मलेसियामा हुने एसिसी पुरुष प्रिमियर कप नेपाली टोलीका लागि महत्वपूर्ण प्रतियोगिता हो । एकदिवसीय फर्म्याटमा हुने प्रतियोगिताले एसिया कपको छनोटको आधारसमेत तय गर्ने भएकाले नेपाली टोलीका लागि यसको महत्व अझ बढेको छ। पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेटमा अपेक्षाकृत कमजोर प्रदर्शन गरिरहेको नेपाललाई प्रिमियर कपमा राम्रो प्रदर्शन गरेर आफ्नो स्थिति सुधार्ने चुनौती छ ।

कप्तान परिवर्तनसँगै टोलीको प्रदर्शन सुधार गर्ने जिम्मेवारी पनि नयाँ कप्तान सन्दीपको काँधमा आएको छ। व्यक्तिगत रूपमा पनि पछिल्ला खेलमा अपेक्षाकृत कमजोर प्रदर्शन गरेका सन्दीपलाई कप्तानका रूपमा टोलीलाई लयमा फर्काउने चुनौती हुनेछ ।

एसियाली आइटिएफ तेक्वान्दोमा शेखरलाई कास्य

काठमाडौं /मस- नेपालका शेखर थापाले ११औं एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपमा कास्य जितेका छन् ।

मंगोलियाको उलानबटारमा भएको प्रतियोगितामा शेखरले ब्ल्याक बेल्ट तेस्रो डान प्याटर्नमा कास्य जितेको नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (आइटिएफ) का महासचिव घमबहादुर थापाले जनाएका छन् ।

शेखरसँगै मंगोलियाका दोर्जपालाम अयुर्जानान पनि तेस्रो भए। मलेसियाका चिन लुङ काङले स्वर्ण तथा फिलिपिन्सका अमाइज क्रिस्टर लुले दोस्रो भए ।

शेखरले स्पाइरिङतर्फ पुरुष ६५-७० केजी तौलसमूहमा पनि प्रतिस्पर्धा गरेका थिए । यो स्पर्धामा शेखरले पदक जितेनन् ।

शेखर दक्षिण एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपका पदक विजेता हुन् । उनले पहिलो संस्करणको प्याटर्न र दोस्रो संस्करणको स्पाइरिङमा रजत जितेका थिए । उनले तेस्रो इन्डो-नेपाल आइटिएफ तेक्वान्दोको स्पाइरिङमा स्वर्ण हात पारेका थिए । तेस्रो जनरल चोइ स्मृति राष्ट्रिय आइटिएफ तेक्वान्दो प्रतियोगिताको प्याटर्नमा शेखरले पहिलो स्थान हात पारेका थिए ।

महासचिव थापासहित उक्त प्रतियोगितामा नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (आइटिएफ) का अध्यक्ष प्रवीणकुमार कार्कीले अम्पायरको भूमिका निर्वाह गरेका थिए। दोस्रोपटक एसियाली आइटिएफ तेक्वान्दो प्रतियोगितामा अम्पायरको भूमिका निर्वाह गरेका अध्यक्ष कार्कीले आईएमजीसी विश्व च्याम्पियनसिप र दक्षिण एसियाली आइटिएफ तेक्वान्दामा पनि अम्पायरको भूमिका निर्वाह गरेका थिए ।

त्यस्तै महासचिव थापा पनि दोस्रोपटक एसियाली आइटिएफ तेक्वान्दो प्रतियोगतामा अम्पायरका रुपमा सहभागी भएका हुन् । थापाले सन् २०१९ र २०२५ मा आइटिएफ विश्व च्याम्पियनसिप तथा आइटिएफ वल्र्ड कपमा पनि अम्पायरको भूमिका निर्वाह गरेका थिए । थापा दक्षिण एसियाली आइटिएफ तेक्वान्दामा पनि अम्पायरको जिम्मेवारीमा थिए ।

राखेप बोर्ड सदस्यमा धनीराम र ललिता

काठमाडौं /मस- राष्ट्रिय खेलकुद परिषद् (राखेप) को बोर्ड सदस्यमा एथलेटिक्सका धनीराम चौधरी र भलिबलकी ललिता नाथ सोमबार मनोनित भएका छन् ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ उपदफा (२) को खण्ड (ट) बमोजिम राखेपको रिक्त सदस्य पदमा शिक्षा तथा खेलकुद मन्त्री मन्त्रीस्तरीय निर्णयबाट दुवैलाई मनोनयन गरिएको हो ।

दुवैको कार्यकाल ४ वर्षको हुनेछ । उनीहरुलाई शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले सिंहदरबारस्थित मन्त्रालयमा पत्र हस्तान्तरण गरे ।

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

कालु खत्रीको नाति, मोहबीर खत्रीको छोरा, रुकुम पश्चिम जिल्ला, त्रिवेणी गा.पा. वडा नं. १० बस्ने, यस बैंकको त्रिवेणी शाखा कार्यालयको खातावाला धन सिं खत्रीको मिति २०८३/०४/०२ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा नन्नराम खत्रीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६९४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

नेपाल सरकार
वैदेशिक रोजगार विभाग, काठमाडौं
दावी विरोध सम्बन्धी सूचना
सूचना प्रकाशित मिति :२०८३/०४/२६

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **BRIGHT FUTURE HR SOLUTION** (License No.: 1602/079/80) को तपसिल बमोजिम संचालकहरु/शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरहरु दा. खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र सबुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल:

साबिकका शेयरधनीहरुको नाम	अब कायम हुने शेयरधनीहरुको नाम
१. नविन क्षेत्री पौडेल (०१-२५,०००)	१. भिमराज पौडेल (१-१००,०००)
२. मिना थापा (२५,००१-४२,०००) (६७,००१-७५,०००)	
३. भिमराज पौडेल (४२,००१-६७,०००)	
४. कुमार कार्की (७५,००१-१,००,०००)	

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०४/२६ गते मंगलबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ९२९ को ७५२.४२ घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

चिरौटे सा.व.उ.स., मधुवन-४, बर्दिया

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०४/२६ गते मंगलबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ३७३ को २६९३.३९ घ.फि. काठ र साल/अन्य जातको दाउरा ३२.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

कैलाश सा.व.उ.स., ठाकुरबाबा-५, बर्दिया

युएईमा रोजगार

कम्पनी: **INTEGRATE BUILDING MAINTENANCE** शहर: Ajman
पूर्व स्वीकृत मिति: २०८३/०४/२५ चलानी नं.: ६०२५९५३३ L.T. No.: 346312

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scafolder	1	0	सम्बन्धित काममा दक्ष	1500	६२०८५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	CONCRETE MASON	1	0		1500	६२०८५							
3.	Building Electrician	1	0		1500	६२०८५							
4.	Building Construction Labour	1	0		1000	४१३९०							
5.	Construction Steel Fixer	1	0		1500	६२०८५							
6.	Building Plumber	1	0		1500	६२०८५							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ गते (18 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26, Kathmandu, Tel : 4970366, 4970466, 9802090466 (Kumar)
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

साउदी र युएईमा रोजगार

कम्पनी : **SAMAARA NEW CONTRACTING COMPANY** शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८३/०४/२५ चलानी नं.: ६०२५९५४२ LT. No.: 346311

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Crane Operator	1	0	स. काममा दक्ष	2500	१०१२२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी : **BRIGHT WAY BUILDING CONTRACTING** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०४/२५ चलानी नं.: ६०२५९५४३ LT. No.: 346338

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labourer (Building Worker)	25	0	स. काममा दक्ष	1400	५७९४६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ देखि ८ गतेसम्म (18 to 24 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु.७०० कामदारले	रु. १,५०० कामदारले	निशुल्क

NEPAL MANPOWER PVT. LTD.
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9841553820,9741662084,9808903720, 9741662083, 9851167990 9741662082.
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np
Govt.Lic.No. 1099/073/074

मलेसियामा रोजगार

कम्पनी : **New Tech Facilities Sdn Bhd** शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/०९ चलानी नं.: ६०२४६४३८ LT. No.: 332791 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	109	0	स. काममा दक्ष	1700	६३१७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ गते (18 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

VARSHA MANPOWER PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044, 9803903060 (Rabin Megale Magar)
Email: info@varshanepal.com, Website: www.varshanepal.com
Lic No.: 954/067/068

युएईमा रोजगार

कम्पनी : **Noor Al Sahara General Contracting** शहर : Abu Dhabi
पूर्व स्वीकृत मिति: २०८२/०२/०१ चलानी नं.: ६०२३७७८४ LT. No.: 323799 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	MAINTENANCE OF ROADS WORKER	100	0	सम्बन्धित काममा दक्ष	800	३३११२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Demolition Labor	100	0		800	३३११२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ गते (18 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410 (Kiran Shrestha)
Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

कुवेतमा रोजगार

कम्पनी: **AL-HAZM INTERNATIONAL CO. FOR PUBLIC FACILITIES MANAGEMENT** शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०४/२५ चलानी नं.: ६०२५९५६१ LT. No.: 346368

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Indoor)	70	30	स. काममा दक्ष	100	४९,५०८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ गते (18 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

Forever Human Resource solution Pvt. Ltd
Govt. Lic. No. 1411/074/075
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4953298 | 4954685
Mob.: 9840891761, 9818500630, 9807272391, 9700269777,9704147342, 9705465871, 9860666062

KUWAIT मा रोजगार

Espresso Boutique Company For Serving Cold & Hot Beverages
पूर्व स्वीकृती मिति: २०८३/०४/२५ चलानी नं. : ६०२५९५४६ LT No.: 346383

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Male Kitchen Helper	2	0	काममा दक्ष	110	५४,०००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
२.	Asst. Cook	3	0		130	६३,९५०।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.१०,०००।-

अन्तरवार्ता २०८३ भाद्र २ गते (18 Aug., 2026) यस प्रा. लि. को कार्यालय मिनभवन, काठमाडौंमा हुनेछ ।

GULF EMPIRE COMPANY PVT. LTD.
Lic. No.: 1599/079/80
के.एम.सि.-३१, मिनभवन, बानेश्वर, काठमाडौं, फोन नं. ०१-४११५९६०/४११५९६१
सम्पर्क मोबाईल : ९८२३२५७२७१, ९८०१३१५९५९ (शंकर खरेल)
शाखा कार्यालय ईटहरी सम्पर्क : ९८०१०२३८१२, ९८०२०२३८१२
इमेल : gulfempirenepal@gmail.com, वेभसाइट : www.gulf-empire.com

SAUDI मा रोजगार

कम्पनी : **YOUSEF ALI AL-YAMI TECHNICAL SERVICE EST** शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०१/०९ चलानी नं.: ६०२३६५०५ LT. No.: 322446 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Painter	1	0	स. काममा दक्ष	1200	४८५८८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ गते (18 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

KHAGOL OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ६३५/०६३/०६४
Naya Baneshwor, Kathmandu, Nepal, Tel.No. : +977-1-5244046, 5244747, 5244448, 9801022869, 9705695555, 9851019574, Email: info@khagoloverseas.com.np, khagoloverseas@gmail.com, Website: www.khagoloverseas.com.np,

मलेसियामा रोजगार

कम्पनी : **SUNFLOWER NURSERY AND LANDSCAPING** शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८३/०४/२५ चलानी नं.: ६०२५९५६२ LT. No.: 346308

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Agriculture General Worker	20	0	स. काममा दक्ष	1700	६३,१७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २ गते (18 August 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

MERIDIAN OVERSEAS P.LTD.
(Gov Lic: 613/062/063)
Dhumbarahi-4, Kathmandu, Nepal, Phone No: +977-1-4547371, 01-4547372, 9802394407 (Kamal Khanal)
Email :- info@meridianoversea.com, Website: www.meridianoversea.com

Japan मा रोजगारको अवसर

Kanto Foods Co Ltd
पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/१२/२६ चलानी नं. ६०२३५८२८ LT No.: 321703

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Food Processing	0	2	काममा दक्ष	1,74,445	१,६७,२९५।-	क.नि. अनुसार	७.५ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

Yazawa Horticulture Co.Ltd. पुनः विज्ञापन, पुर्व स्वीकृती मिति: २०८१/०८/२८ चलानी नं. ६०२२९६३६ LT No.: 315341

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Japanese Yen	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Agricultural	1	0	काममा दक्ष	1,74,619	१,६७,४६०।-	क.नि. अनुसार	७.५ घण्टा	५ दिन	क.नि. अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.५०,०००/-

प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः (क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने

दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु: (क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
२) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८३ भाद्र २ गते (18 Aug., 2026) हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी : १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा बिमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np
Contact Person : 985-1044216 (Indraman Yonjan)

अटो क्षेत्रको महाकुम्भ 'नेपाल मोबिलिटी एक्स्पो'

५५ ब्रान्ड, ४० वटा नयाँ सवारी 'लन्च' हुँदै

मध्यान्ह संवाददाता
काठमाडौं, २५ साउन

भृकुटीमण्डपमा नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)को आयोजनामा मंगलबारदेखि 'नेपाल मोबिलिटी एक्स्पो २०२६' सुरु हुँदैछ।

साउन ३१ गतेसम्म आयोजना गर्न लागेको दोस्रो संस्करणका नेपाल मोबिलिटी एक्स्पो लागेको हो । चाडपर्व नजिकिँदै गर्दा नयाँ गाडी किन्न र जानकारी लिनका लागि उत्तम गन्तव्यका रूपमा एक्स्पोलाई सवारी साधनको महाकुम्भका रूपमा हेरिएको छ । एउटै छानामुनि नेपालमा भित्रिएका सवारीसाधन प्रत्यक्ष हेर्ने र तिनका विशेषता बुझ्ने उत्कृष्ट अवसर नेपाल मोबिलिटी एक्स्पोमा लिन सकिने आयोजकले जनाएको छ ।

'मोबिलिटी एक्स्पो'मा ५१ स्टल, ५५ भन्दा बढी ब्रान्ड र ४० वटा नयाँ सवारीसाधन 'लन्च' हुने नाइमाले जनाएको छ । यस एक्स्पोमा दुईपांग्रे, चारपांग्रे, व्यावसायिक सवारीसाधन (कमर्सियल भेहिकल), इलेक्ट्रिक तथा

हाइब्रिड मोबिलिटी, प्रविधि, सेवा तथा मोबिलिटीसँग सम्बन्धित विविध स्टल रहनेछन् । एक्स्पोमा अटो व्यवसायीदेखि गाडीका पारखीसम्म उत्साहजनक सहभागिता रहनेछ । सवारीसाधनको 'महाकुम्भ'का रूपमा हेरिएको नाइमा अटो सो प्लानिङ कमिटीका संयोजक गौरव शारडाले बताए। उनले गत वर्षभन्दा यो एक्स्पो अझ भव्य हुने दावी गरे । यस वर्षको एक्स्पोलाई नेपालको अटोमोबाइल तथा मोबिलिटी क्षेत्रकै एक महत्वपूर्ण र ऐतिहासिक हुने र नयाँ सवारी लन्चले अटो क्षेत्र चलायनमान गराउने शारडा बताए ।

नाइमा अध्यक्ष रितु सिंह वैद्यले नाइमाको दोस्रो संस्करणको एक्स्पोले अटो क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरिन् । एक वर्षअघि नेपालका अटोमोबाइल आयातकर्ता तथा उत्पादकको उत्साहक सहभागिता रहने बताइन् । एक्स्पोसँगै अटो क्षेत्रसँग सम्बन्धित लर्निङ सेसन हरेक दिन पुलिस क्लबमा हुनेछ, जहाँ मोबिलिटी, प्रविधि, सडक सुरक्षा, उपभोक्ता सचेतना, सीप, रोजगारी र नेपालको मोबिलिटी क्षेत्रको भविष्यबारे गहन छलफल हुने नाइमाले जनाएको छ।

लन्च ४० नयाँ गाडी

नेपाल मोबिलिटी एक्स्पो २०२६मा एकैसाथ ४० नयाँ गाडी लन्च हुँदै छन् । नाइमा एक्स्पोलाई लक्षित गरेर विभिन्न कम्पनीले नयाँ ब्रान्ड लन्च गर्दै छन् । एक्स्पोमा नयाँ ब्रान्डसँगै अत्याधुनिक इलेक्ट्रिक कार भित्रिँदै छन् । विशेषगरी ह्याचब्याक र क्रसओभर सेगमेन्टलाई लक्षित गर्दै विभिन्न आधिकारिक वितरकहरूले अत्याधुनिक फिचर, शक्तिशाली ब्याट्री र आकर्षक डिजाइनका नयाँ मोडल सार्वजनिक गर्दै छन् । व्यवसायीले विद्युतीय, प्लग-इन हाइब्रिड, हाइब्रिड तथा पेट्रोल एसयुभीदेखि ह्याचब्याक, पिकअप र प्रिमियम मोडलसम्मका दर्जनौं नयाँ गाडी पहिलोपटक सार्वजनिक गर्दै छन् ।

इप्पानद्वारा १६ हजार मेगावाटको पिपिए खुला गर्न माग

मध्यान्ह संवाददाता
काठमाडौं, २५ साउन

नेपाल विद्युत् प्राधिकरणले १० मेगावाटभन्दा कम क्षमताका जलविद्युत आयोजनाको विद्युत खरिद सम्झौता (पिपिए) प्रक्रिया अघि बढाउने तयारी गरेको छ। स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)सँगको भेटमा प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायूकुमार श्रेष्ठले १० मेगावाटमुनिका आयोजनाको पिपिए प्रक्रिया अघि बढिसकेको जानकारी दिएका हुन् । इप्पानको प्रतिनिधिमण्डलसँगको भेटमा श्रेष्ठले आयोजनाहरूको व्यावसायिक उत्पादन सुरु गर्ने मिति (आरसिओडी) थपका लागि पनि प्राधिकरणले प्रक्रिया अघि बढाएको बताए । उनका अनुसार आरसिओडी थपसम्बन्धी विषयमा आयोजना र समस्याको प्रकृतिअनुसार 'ए' र 'बी' समूह बनाएर काम सुरु गरिसकिएको छ।

निजी क्षेत्रले भोगिरहेका समस्या समाधानका लागि नेपाल विद्युत् प्राधिकरण र इप्पानबीच संयुक्त संयन्त्र बनाएर अघि बढ्न आफूहरू तयार रहेको पनि कामु कार्यकारी निर्देशक श्रेष्ठले बताएका छन्। निजी क्षेत्रका ऊर्जा उत्पादकसँग नियमित संवाद, समस्या पहिचान र समाधानका लागि संस्थागत संयन्त्र आवश्यक रहेको उनको भनाइ थियो ।

त्यस्तै, निजी क्षेत्रलाई विद्युत् व्यापार र प्रसारण क्षेत्रमा सहभागी गराउने विषयमा समेत प्राधिकरण सहजीकरण गर्न तयार रहेको श्रेष्ठले बताएका छन् । विद्युत् उत्पादनमा निजी क्षेत्रको ठुलो योगदान रहेकाले आगामी दिनमा विद्युत् व्यापार, प्रसारणलगायतका क्षेत्रमा समेत निजी क्षेत्रको सहभागिता विस्तार गर्न सहजीकरण गर्ने उनको भनाइ थियो। इप्पान अध्यक्ष मोहनकुमार डाँगीले निजी क्षेत्रले लामो समयदेखि उठाउँदै आएका समस्यालाई गम्भीरतापूर्वक सम्बोधन गर्न प्राधिकरणसँग आग्रह गर्दै तत्काल पिपिएका लागि आवेदन दिएका १६ हजार मेगावाट बराबरको पिपिए खुला गर्न माग गरे । 'लामो समयदेखि पिपिए हुन नसकेका आयोजनाको समस्या तत्काल समाधान गर्ने १६ हजार मेगावाटको सीमा नै खुला गरेर सबै योग्य आयोजनाको पिपिए प्रक्रिया अघि बढाउनुपर्छ ।' उनले भने, 'पिपिए रोकिँदा अध्ययन तथा निर्माणको चरणमा रहेका आयोजनाहरूको लगानी, वित्तीय व्यवस्थापन र समग्र आयोजना विकासमा असर परेको छ ।'

अध्यक्ष डाँगीले निजी क्षेत्रले विद्युत् उत्पादनमा ठुलो लगानी गरिसकेको र आगामी दिनमा पनि ठुलो लगानी गर्ने तयारीमा रहेकाले नीतिगत तथा कार्यान्वयन तहका समस्याका कारण लगानीको वातावरण बिग्रिन नदिन प्राधिकरणले विशेष ध्यान दिनुपर्ने बताए ।

अध्यक्ष डाँगीले पछिल्लो समय प्राधिकरणबाट जारी गरिएको जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौताका लागि विद्युत् शक्ति तथा ऊर्जा तालिका निर्धारण विधि, २०८३का कारण निजी ऊर्जा उत्पादकमा थप अन्योल सिर्जना भएको भन्दै उक्त निर्देशिका खारेज गरेर निजी क्षेत्रसँगको सहकार्यमा अघि बढ्न माग गरे । निजी क्षेत्रका समस्यालाई सामान्य प्रशासनिक विषयका रूपमा नभई ऊर्जा क्षेत्रको दीर्घकालीन विकाससँग जोडिएको विषयका रूपमा लिएर समाधान गर्नुपर्ने उनको भनाइ थियो ।

इप्पानले प्राधिकरणसमक्ष पेस गरेको मागपत्रमा प्राधिकरणको प्रसारण लाइन निर्माणमा भएको ढिलाइका कारण प्रवर्द्धकलाई परेको आर्थिक क्षतिको उचित क्षतिपूर्ति दिनुपर्ने, प्रसारण लाइन उपलब्ध नभएसम्म 'कन्टिन्जेन्सी' तथा 'टेक एन्ड पे' पिपिएको अभ्यास अन्त्य गरी आयोजना सम्पन्न भएपछि उत्पादित विद्युत् खरिद सुनिश्चित हुने व्यवस्था गर्नुपर्ने तथा माग पनि इप्पानको छ ।

माछापालनबाट वार्षिक २५ लाख आम्दानी गर्दै विनोद

गाउँमै केही गर्नुपर्छ भन्ने सोच

कैलाली/रासस– गाउँका प्राय: युवा वैदेशिक रोजगारमा गए पनि विनोदले भने गाउँ छोडेका छैनन् । उनले नौ बिघा जमिनमा माछापालन गरेर वार्षिक २५ लाख बचत गरेका छन् । कैलालीको घोडाघोडी नगरपालिक-५का उदाहरणीय कृषक हुन्, विनोद चौधरी ।

पाँच वर्षअघि बैंकबाट कुल ५० लाख कर्जा सापट लिएर व्यवसाय गरेका चौधरीले माछापालनबाट मात्र वार्षिक २५ लाख कमाउन थालेका हुन् ।

माछा उद्यमीका रूपमा परिचित विनोदको उमेर २७ वर्षको छ । पाँच वर्षअघि सीमित लगानीबाट उनले माछापालन सुरु गरेका हुन् । सुरुमा लगानी भए पनि अहिले भने विनोद माछापालन व्यवसायबाट खुसी भएका छन् । उनको अधिकांश समय पोखरीमा बित्ने गर्छ । पढाइसँगै आम्दानी गर्नुपर्छ भन्ने मान्यताले माछापालनतर्फ आकर्षित भएका चौधरीले गाउँका अन्य युवालाई पनि स्वरोजगार बन्न प्रेरणा दिन थालेका छन् ।

'विदेश जानुभन्दा आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने

सोचले अघि बढेमा असफल भईंदैन,' विनोदले भने। माछापालन व्यवसाय सुरु गर्नु उहाँका लागि सहज थिएन । पोखरी, बाँध, पानी आपूर्तिको व्यवस्था, अन्य भौतिक संरचना निर्माणमै लाखौं खर्च गर्नु परेको थियो ।

चौधरीले सुरुमा २५ लाख रुपैयाँ लगानी गरेका थिए । पछि क्रमशः लगानी बढ्दै गयो। लगानी उठ्दैन भन्ने डर नभएको होइन, विनोदलाई अन्ततः धैर्यताको फल मिठो हुन्छ भनेजस्तै पाँच वर्षमा उनको लगानी उठिसकेको छ । विनोद अहिले नाफामा छन् ।

उनका अनुसार व्यवसायको सुरुआती चरणमा आम्दानीभन्दा खर्च धेरै हुने भएकाले परिवार सञ्चालन गर्न कठिनाइ भएको थियो । उत्पादन कम हुनु, बजार व्यवस्थापनमा अनुभवको कमी तथा निरन्तर लगानी आवश्यक पर्नुले आर्थिक दबाब बढाएको उनी सम्झन्छन् ।

'सुरुमा कमाइभन्दा लगानी धेरै थियो । परिवार चलाउन पनि गाह्रो भयो । व्यवसाय टिकाउन धैर्य चाहिने रहेछ । दुई-तीन वर्षसम्म त नाफा भन्ने कुरा नै भएन,' उनले भने ।

सुरुका वर्ष उत्पादन कम भएकाले वार्षिक पाँच लाखको माछा बिक्री हुने गरेको थियो । पछिल्ला वर्षमा उत्पादन बढ्दै गएपछि वर्षमा दुईपटकसम्म माछा बिक्री गर्न सकिने अवस्था बनेको छ । यससँगै वार्षिक आम्दानी पनि करिब २५ लाख रुपैयाँसम्म पुगेको उनले जानकारी दिए ।

बजारमा ताजा माछाको माग निरन्तर बढिरहेकाले गुणस्तरीय उत्पादन गर्न सके अझ राम्रो आम्दानी लिन सकिने सम्भावना रहेको उनको विश्वास छ ।

बर्खायाममा बाँध भत्किने, पानीको सतह नियन्त्रण, पोखरी सफा, पानीको गुणस्तर कायम राख्नुपर्ने काममा हरेक वर्ष थप खर्च हुने गरेको उनले बताए । उनले पाँचवटा ठुला पोखरीमा व्यावसायिक रूपमा माछापालन गरिरहेका छन् । चौधरीका अनुसार व्यवसाय सुरु गर्दा आवश्यक प्राविधिक ज्ञानको अभाव थियो । त्यसपछि विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट प्राप्त तालिम, प्राविधिक परामर्श र अनुभवी किसानसँगको सिकाइले व्यवसायलाई व्यवस्थित बनाउन महत्वपूर्ण सहयोग पुगेको उनले बताए ।

माछापालन व्यवसायमा धैर्य, लगनशीलता र सही व्यवस्थापन सबैभन्दा महत्वपूर्ण हुने उनको अनुभव छ । धेरैले व्यवसाय सुरु गरेको छोटो समयमै राम्रो आम्दानीको अपेक्षा गर्ने गरे पनि यो क्षेत्रमा सुरुका केही वर्ष लगानी बढी हुने र त्यसपछि मात्रै प्रतिफल आउन सुरु हुने उनको भनाइ छ । उनको व्यवसायमा अहिले परिवारका सदस्यहरूको पनि सक्रिय साथ रहेको छ । दाना व्यवस्थापन, पोखरीको हेरचाह, माछा बिक्री तथा अन्य दैनिक काममा परिवारका सदस्यले सहयोग गर्ने गरेका छन् । परिवारको साथ र निरन्तर मेहनतले व्यवसायलाई थप विस्तार गर्न सहज भएको उनी बताउँछन् । आगामी दिनमा उत्पादन क्षमता अझै बढाउने, आधुनिक प्रविधिको प्रयोग गर्ने तथा थप पोखरी विस्तार गरी व्यावसायिक माछापालनलाई अझ सुदृढ बनाउने योजना रहेको उनले बताए । जोखिम मोलेर सुरु गरिएको माछापालन व्यवसायले आज चौधरीलाई आत्मनिर्भर बनाएको मात्र छैन, गाउँमै बसेर आधुनिक कृषि उद्यममार्फत सम्मानजनक आम्दानी गर्न सकिन्छ भन्ने सन्देशसमेत दिएको छ । वैदेशिक रोजगारीलाई मात्रै सफलताको माध्यम ठान्ने युवाका लागि उनको यात्रा प्रेरणादायी उदाहरण बनेको छ ।

विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन कार्यदल गठन

काठमाडौं/मस– सरकारले विराटनगर जुट मिल पुनः सञ्चालनका लागि अध्ययन गर्न एक कार्यदल गठन गरेको छ । उद्योगको विद्यमान आर्थिक, प्राविधिक तथा कानुनी अवस्था अध्ययन गरी पुनः सञ्चालनका लागि उपयुक्त विकल्प सिफारिस गर्न विज्ञसहितको कार्यदल गठन गर्ने निर्णय गरिएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को बैठकले विराटनगर जुट मिलको वर्तमान अवस्था, यसअघि भएका निर्णय तथा विभिन्न निकायबाट तयार गरिएका अध्ययन प्रतिवेदनको समीक्षा गर्दै मिल पुनः सञ्चालनका लागि आवश्यक रणनीति तय गर्ने उद्देश्यले कार्यदल गठन गर्ने निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव वीरेन्द्रकुमार यादवले जानकारी दिए ।

बैठकमा सचिव यादवका साथै अर्थ सचिव र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवसहित सम्बन्धित मन्त्रालयका अधिकारी तथा सरोकार भएका निकायका प्रतिनिधिहरू सहभागी थिए । सो अवसरमा जुट मिलको व्यवस्थापन, सञ्चालनको सम्भावना, विद्यमान समस्या तथा पुनः सञ्चालनका लागि अपनाउन सकिने विभिन्न विकल्पबारे छलफल भएको थियो । सचिव यादवका अनुसार कार्यदलले पुनः सञ्चालनका लागि आवश्यक आर्थिक, प्राविधिक, कानुनी तथा अन्य सम्बन्धित पक्षको वस्तुगत अध्ययन गर्नेछ । कार्यदलको अध्ययन तथा सिफारिसका आधारमा आवश्यक निर्णय लिइनेछ । कार्यदलले एक महिनाभित्र अध्ययन गरी प्रतिवेदन दिने जनाइएको छ ।

प्रधानमन्त्री कार्यालयका अनुसार कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका संस्थान हेर्ने सहसचिव रहनेछन् । साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, अर्थ मन्त्रालयका उपसचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव सदस्य रहनेछन् । त्यस्तै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट दुईजना विज्ञ सदस्य मनोनीत गरिनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाका उपसचिव सदस्य-सचिव रहनेछन् ।

कार्यदलले आफ्नो प्रतिवेदन एक महिनाभित्र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेस गर्नेछ । मिल पुनः सञ्चालनका सम्बन्धमा यसअघि लिइएका निर्णय तथा विभिन्न निकायबाट गठन भएका कार्यदलले पेस गरेका प्रतिवेदन, सुझाव र सिफारिसहरूको पनि कार्यदलले अध्ययन गर्नेछ । साथै मिल परिसरमा रहेका भवन, कारखाना, अन्य भौतिक संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्थासमेत अध्ययन गरिनेछ । सम्पत्ति तथा दायित्वसम्बन्धी विषयको फरफारकका लागि आवश्यक कानुनी तथा व्यावहारिक सुझाव सरकारलाई पेस गर्ने जिम्मेवारीसमेत कार्यदललाई दिइएको छ ।

४ हजार सहकारी बचतकर्ताको रकम फिर्ता

काठमाडौं/मस– समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हालसम्म करिब ४ हजार बचतकर्ताको रकम फिर्ता गरेको जनाएको छ । समितिका अध्यक्ष अध्यक्ष डिल्लीराज आचार्यका अनुसार समिति गठन भइसकेपछि पूर्ण र आंशिक तथा बचत मिलानमार्फत हालसम्म उक्त संख्याका बचतकर्ताको समस्या समाधान गरिएको हो । उनले भने, 'हामीसँग ७६ हजार बचतकर्तालाई करिब ४६ अर्ब रुपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ । त्यसका लागि सम्बन्धित सहकारीको सम्पत्ति यकिन गर्ने तथा उपलब्ध स्रोतको परिचालन गर्ने काम भइरहेको छ ।'

सहकारी क्षेत्रमा समस्या किन उत्पन्न भयो र यसको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा समितिले आन्तरिक विश्लेषणसमेत गरेको उनको भनाइ छ । उनले बचत फिर्ताको विषयमा सर्वोच्च अदालतको निर्णय तथा सहकारीसम्बन्धी कानुनी व्यवस्था र बचत फिर्तासम्बन्धी कार्यविधिलाई आधार बनाइएको बताए । साना बचतकर्तालाई प्राथमिकता दिने नीतिअनुसार पहिलो चरणमा १० हजार वा सोभन्दा कम बचत भएका व्यक्तिको रकम फिर्ता गर्ने काम अघि बढाइएको उनको भनाइ छ ।

कार्यविधिले प्राथमिकता दिएका ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपांगता भएका व्यक्ति तथा नेपाल सरकारको निर्देशिकामा उल्लेख भएका जटिल प्रकृतिका रोगबाट पीडित बचतकर्तालाई प्राथमिकता दिइनेछ । 'हालसम्म विभिन्न सहकारीबाट गरी ४२ करोड रुपैयाँ जम्मा भएको अवस्था छ। यसमध्ये कान्तिपुर सहकारीबाट मात्रै करिब १२ करोड रुपैयाँ रहेको छ ।

नेसनल लाइफको व्यवसाय विस्तारसँगै उत्कृष्ट शाखा र कर्मचारी सम्मानित

काठमाडौं/मस– नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले चारदिने सम्मेलन ब्रान्च मेनेजर्स कन्फरेन्स सम्पन्न गरेको छ। 'रेजिङ द बार, रिडिफाइनिङ सक्सेस' नाराका साथ आयोजना गरिएको सम्मेलनमा कम्पनीको व्यवसाय विस्तार, आगामी व्यावसायिक रणनीति, प्रतिस्पर्धात्मक बिमा बजारका चुनौती तथा कर्मचारीको क्षमता अभिवृद्धिलगायत विषयमा व्यापक छलफल तथा प्रशिक्षण गरिएको थियो ।

कम्पनीका अध्यक्षा प्रेमा राज्यलक्ष्मी सिंहले जीवन बिमा व्यवसाय दिन-प्रतिदिन प्रतिस्पर्धात्मक हुँदै गइरहेको बताइन् । उनले व्यवसाय प्रवर्धन गर्नुपर्ने चुनौती रहेको र यसका लागि आवश्यक तालिम प्रशिक्षण प्रदान गर्न कम्पनी सधैं अग्रसर रहेको बताइन् । अहिले विश्वभर जीवन बिमामा ठुलो योगदान पुऱ्याउने सम्भावना रहेको आर्टिफिसियल इन्टिलिजेन्स सम्बन्धमा कर्मचारीलाई प्रशिक्षण प्रदान गरी कम्पनीको डिजिटल मार्केटिङलाई प्रवर्धन गर्नेतर्फ प्रयासरत रहनुपर्ने बताइन् । कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले नयाँ आर्थिक वर्षको सुरुवातसँगै एउटा नयाँ यात्रा, नयाँ संकल्प र नयाँ अवसरको शुभारम्भमा एकजुट भएर उभिनुपर्ने बताए । उनले यो केवल क्यालेन्डर परिवर्तन भएको दिन मात्र नभई सोच, प्रतिबद्धता र भविष्यलाई अझ उचाइमा पुऱ्याउने अवसर रहेको बताए ।

सम्मेलनमा कम्पनीका विभागीय प्रमुखहरूसहित देशभरका प्रदेश प्रमुख, शाखा प्रमुख तथा मार्केटिङ कर्मचारी गरी २०० जनाभन्दा बढीको सहभागिता थियो । सम्मेलनका अवसरमा आर्थिक वर्ष २०८२/८३मा शाखा सञ्चालनका विभिन्न आयाममा उत्कृष्ट कार्य गर्ने पाँच शाखा कार्यालय, यसैगरी अधिकतम प्रथम बिमाशुल्क संकलनमा, अधिकतम सक्रिय अभिकर्ता उत्पादन र अधिकतम बिमालेख संख्याको आधारमा उत्कृष्ट तीन शाखा कार्यालयलगायत चेयरपर्सन क्लब योजना र सिइओ क्लब योजनामा सबैभन्दा धेरै अभिकर्तालाई छनौट गराउन सफल उत्कृष्ट एक/एक शाखा कार्यालयहरूलाई सम्मान तथा पुरस्कृत गरिएको थियो ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न यो गदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा यो गदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव,
समुन्नत समाजको आधार

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१-५३२६३६६, ०१-५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**